**Vaikharivani vol. 3 (2), 2026, ISSN 3321-9833**

# हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा जाति

**ईश्वर चौहान**, उप–प्राध्यापक (नेपाली विभाग), महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर, त्रिभुवन विश्वविद्यालय

**Email:** cishwar2040@gmail.com

Orcid iD: https://orcid.org/0009-0000-1904-0035

## लेखसार

प्रस्तुत लेखमा उपन्यासकार हृदयचन्द्रसिंह प्रधानका उपन्यासको समाजशास्त्रीय अध्ययन गरिएको छ । गुणात्मक अनुसन्धान पद्धति र पाठविश्लेषण विधिमा तयार गरिएको यस लेखमा तथ्याङ्क सङ्कलनका लागि पुस्तकालयीय विधिको उपयोग गरिएको छ । निगमनात्मक विधिद्वारा उपन्यासका कथनहरूलाई आधार बनाई अध्ययन गरिने यस लेखमा हिप्पोलाइट एडल्फ तेनको समाजशास्त्रीय अध्ययन गर्ने आधारअन्तर्गत जातिसम्बन्धी मान्यताको उपयोग गरिएको छ । जसमध्ये यस लेखमा उपन्यास विश्लेषण गर्ने आधारका रूपमा तेनले अघि सारेका सहज आनुवंशिक गुण, समान सांस्कृतिक विशेषता, जलवायु र भूगोल एवम् खानपान र शारीरिक संरचना मुख्य आधार बनाइएको छ । उपन्यासकार प्रधानको स्वास्नीमान्छे उपन्यासमा भूगोल, जलवायु र सांस्कृतिक परिवेश काठमाडौँभित्रकै रहेको हिन्दू धर्मसंस्कृति मान्ने नेपाली जातिको उपस्थित छ । सहभागीहरूको नामाङ्कन र खानपानले स्वास्नीमान्छे उपन्यासमा खसआर्य सम्प्रदायकै बाहुल्यता रहेको र गौण भूमिकामा हिराज्यान र भाइचा नेवार जातिको प्रतिनिधित्व छ । यसै गरी उनको एकचिहान उपन्यासमा सहज आनुवंशिक गुण अर्थात् नश्लीय सम्बन्धका आधारमा खसपर्वते, नेवार र मधिसे फरकफरक जातिको उपस्थिति रहेको पाइन्छ । यस लेखमा प्रधानका उपन्यासमा फरक जातिबीच नश्लीय एवम् सामाजिक सांस्कृतिक सम्बन्धमा अन्तर्मिश्रण गरी विकसित समाज निर्माणको परिकल्पना गरिएको विषयमा विमर्श गरिएको छ ।

*शब्दकुञ्जी* : जाति, आनुवंशिक, नश्ल, खसआर्य, खसपर्वते, पहिचान

**Article's information**
Manuscript received: 2026/01/15; Date of review: 2026/02/25, Date of manuscript acceptance: 2026/06/10
Publisher: Department of Nepali, Mahendra Morang Adarsh Multiple Campus, Biratnagar, Tribhuwan University.
DOI: https://doi.org/10.3126/vaikharivani.v3i2.96219
Homepage: https://www.nepjol.info/index.php/vaikharivani/; Copyright (c) 2026 Vaikharivani.
This work is licensed under the Creative Commons CC BY-NC License.
https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

प्रस्तुत लेख हृदयचन्द्रसिंह प्रधानद्वारा सिर्जना गरिएको उपन्यासमा जाति निरुपणसँग सम्बन्धित छ । यस अध्ययनमा तेनको जातिसम्बन्धी मान्यता र निर्दिष्टि उपन्यासमा सहज आनुवंशिक गुण, समान सांस्कृतिक विशेषता, जलवायु र भूगोल एवम् खानपान र शारीरिक संरचनाका आधारमा जाति पहिचान र विश्लेषणमा केन्द्रित रहेको छ । हृदयचन्द्रसिंह प्रधान (१९७२–२०१६) आधुनिक नेपाली उपन्यासकार हुन् । उनका *स्वास्नीमान्छे* (२०११) र *एकचिहान* (२०१७) गरी दुईवटा उपन्यास प्रकाशित छन् । प्रगतिवादी एवम् आलोचनात्मक यथार्थवादी वैशिष्ट्यमा उनका उपन्यास केन्द्रित छन् । *स्वास्नीमान्छे* उपन्यासमा नेपाली समाजमा *स्वास्नीमान्छे*ले भोग्नुपरेको उत्पीडन र तत्कालीन सामाजिक संरचनाको समाजवादी यथार्थलाई चित्रण गरिएको छ । त्यसै गरी *एकचिहान* उपन्यास काठमाडौँभित्रको कुरिया गाउँको निम्नवर्गीय किसान परिवारलाई आधार बनाई रचना गरिएको छ । प्रधानका

उपन्यासको कथानकलाई अध्ययन गर्दा नेपाली समाजमा प्रचलित सामाजिक एवम् सांस्कृतिक संरचनाले निर्माण गरेको जातीय संरचना र सन्दर्भको व्याख्य रहेको छ । सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक आदि विभिन्न सन्दर्भमा जातीय सन्दर्भ निरुपण गर्न सम्भव रहेको छ । यसर्थ समग्र प्रधानका उपन्यासमा जाति विश्लेषण गर्नु प्रस्तुत अध्ययनको विषय रहेको छ । यस अध्ययनको रिक्तता स्थापित गर्ने प्रयोजनका लागि केही प्रतिनिधि पूर्वकार्यको समीक्षा गर्नु उपयुक्त ठहर्दछ ।

हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा केन्द्रित भएर विभिन्न प्रयोजनमा अध्ययन सम्पन्न भएका छन् । यिनका औपन्यासिक कृतिका विषयमा रत्नध्वज जोशी (२०५०) को *साहित्य समीक्षा* पुस्तकमा हृदयचन्द्रसिंह प्रधानका उपन्यासको भाषा लेखकको स्वभाव, अध्ययन परिधि र देश–काल तीनै कुरा प्रतिबिम्बित रहेको अवधारणा प्रस्तुत गरिएको छ । प्रधानको औपन्यासकिताका सन्दर्भमा कृष्णचन्द्रसिंह प्रधान (२०५२) को *नेपाली उपन्यास र उपन्यासकार* नामक पुस्तकमा यिनका उपन्यास वैचारिक पृष्ठभूमिमा सृष्टिभएका, सामाजिक अनैतिकता र बूढीरुढिका विरुद्ध प्रगतिशील दृष्टिकोण अँगालेर निर्माण भएको अवधारणा प्रस्तुत गरिएको छ । यिनका औपन्याससिक कृतिका सम्बन्धमा कृष्णहरि बराल र नेत्र एटम (२०५८) को *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* पुस्तकमा प्रधानको *एकचिहान* क्रान्तिकारी एवम् सुधारवादी चिन्तन भित्र्याउने तथा स्वास्नीमान्छेले नारीमाथि गरिने भेदभाव र भोगवादी प्रवृत्तिलाई हाँक दिँदै सङ्घर्षका लागि एकजुट हुने सन्देश प्रवाह गर्ने कृति रहेको अवधारणा प्रस्तुत गरिएको छ । राजेन्द्र सुवेदी (२०६१) को *नेपाली समालोचना परम्परा र प्रवृत्ति* पुस्तकमा नेपाली राजनीतिको सङ्कीर्ण घेरामा कुण्ठित चेतना, आर्थिक शोषण र वैचारिक दमनको शिकार बनेको समाजलाई मुक्तिको मार्ग देखाउने प्रयत्न प्रधानका उपन्यासमा अभिव्यक्त भएको दृष्टिकोण प्रस्तुत गरिएको छ । इन्द्रबहादुर राई (२०६७) को *नेपाली उपन्यासका आधारहरू* पुस्तकमा *स्वास्नीमान्छे* उपन्यास उपन्यासहरू प्रगतिशीलताका प्रतिनिधि कृति रहेको अवधारणा प्रस्तुत गरिएको छ । यी अध्ययनहरू शैलीवैज्ञानिक, प्रगतिवादी, नारीचेतना, वर्गीय दृष्टिकोणजस्ता विषयमा केन्द्रित छन् । यी अध्ययनले प्रधानका उपन्यासमा जाति पहिचानका दृष्टिले अध्ययन गरेको पाइँदैन । यस लेखमा यही विषयलाई समस्याका रूपमा लिई त्यसको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

प्रस्तुत अध्ययनमा समाजशास्त्रीय व्याख्याता तेनको मान्यताअनुसार समाज र साहित्यको सम्बन्ध खोजी गरी साहित्यलाई समाजको पहिचान गर्ने मूल स्रोत मानिन्छ । उनले जाति, क्षण र पर्यावरणको सैद्धान्तिक स्वरूप प्रस्तुत गरेका छन् । तेनले जातिलाई कला वा साहित्यमा अन्तर्निहित सहज आनुवंशिक गुणका आधारमा हेर्नुपर्ने धारणा अगाडि सारेका छन् । समान सांस्कृतिक विशेषता, जलवायु, भूगोल, खानपान आदि जस्ता तत्त्वहरूले पनि समान र भिन्न जातिको विशेषता निर्माण गर्ने तथ्य व्यक्त गर्दछन् । समाजशास्त्रीय अध्ययनका यिनै विभिन्न पक्षलाई आधार बनाई प्रधानका उपन्यासमा जाति निरुपण गरिएको छ ।

## समस्याकथन

प्रस्तुत लेख हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा जाति पहिचान र विश्लेषणमा केन्द्रित अध्ययनसम्बन्धी प्रमुख प्राज्ञिक समस्यामा केन्द्रित रहेको छ । प्रधानका उपन्यासका विषयमा गरिएका पूर्वाध्ययनले विधासैद्धान्तिक, भाषापरक, विचारधारात्मक, प्रवृत्तिपरक र अन्य पक्षका आधारमा कृतिनिष्ठ अवधारणा प्रस्तुत गरे पनि जातिलाई केन्द्रमा राखी अध्ययन गरेको पाइँदैन । यस लेखमा यही रिक्ततालाई आधार बनाई प्रधानका उपन्यासमा जातिको अध्ययन गरिएको छ ।तेनको जाति, क्षण र पर्यावरणसम्बन्धी मान्यतामा केन्द्रित भई प्रधानका उपन्यासमा जातिको उपस्थिति निरुपण गर्नु नै अध्ययनको समस्या हो । यही प्राज्ञिक समस्यासँग सम्बन्धित रही निम्नलिखित शोधप्रश्नहरू निर्धारण गरिएको छ :

(क) प्रधानका उपन्यासमा सहज आनुवंशिक गुणको चित्रण केकस्तो छ ?

(ख) प्रधानका उपन्यासमा समान सांस्कृतिक विशेषताको प्रस्तुति कसरी भएको छ ?

(ग) प्रधानका उपन्यासमा भूगोल र जलवायुसम्बन्धी चिन्तन कसरी प्रस्तुत गरिएको छ ?

(घ) प्रधानका उपन्यासमा खानपान र शारीरिक संरचना चित्रणको प्रयोजन के हो ?

## अध्ययन विधि

प्रस्तुत लेख तेनको समाजशास्त्रीय दृष्टिकोणबाट गरिएको पर्यावरण विश्लेषणमा आधारित रहेको छ । अध्ययनमा आवश्यक पर्ने तथ्य सङ्कलन गर्न पुस्तकालयीय विधिको प्रयोग गरिएको छ तथा तथ्यको प्रमाणीकरणका लागि विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । यो गुणात्मक प्रकृतिको अनुसन्धान हो । यद्यपि यसमा जातिसम्बन्धी सिद्धान्तका आधारमा साक्षहरुको विश्लेषण गरिने हुनाले अध्ययनका लागि निगमनात्मक पद्धतिको उपयोग गरिएको छ । प्रधानका उपन्यासका मूल पाठबाट साक्ष्यहरू प्रस्तुत गरी विश्लेषणमार्फत जाति निरुपण गरिएको छ । यसका लागि *स्वास्नीमान्छे* र *एकचिहान* उपन्यासलाई प्राथमिक स्रोत मानी तेनको जातिसम्बन्धी मान्यताको सैद्धान्तिक आयामहरूबाट अध्ययन विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

तेनले अङ्ग्रेजी साहित्यको अध्ययन गर्ने सन्दर्भमा समाजशास्त्रीय अध्ययनका लागि आफ्नो अवधारणा प्रस्तुत गरेका छन् । उनको हिस्ट्री अफ इङ्लिस लिटरेचर नामक कृतिमा प्रयोग भएका रेस (race), इपोच (Epoch) र सर्कमस्टेन्स (Circumstance) शब्दलाई अनुशीलन गर्ने क्रममा जाति, क्षण र पर्यावरणको प्रयोग हुने अवधारणा प्रस्तुत गरिएको छ (तेन, सन् १८९५, पृ. १०) । यस विषयमा उनी कला वा साहित्यमा जातिको उपस्थितिको सन्दर्भमा तेन सहज र वंशानुगत गुणका रूपमा यसलाई हेर्नुपर्ने धारणा अगाडि सार्दछन् । उनी यस्ता गुणहरू आनुवंशिक रूपमा लिएर आउने तथ्य प्रस्तुत गर्दछन् । यसरी हेर्दा जाति समाजशास्त्रीय अध्ययनको सापेक्ष तत्त्व हो । समान सांस्कृतिक विशेषताले पनि जातिको निर्माण गर्छ । फरक जलवायु, भूगोल र खानपान जस्ता तत्त्वले समान र भिन्न वंशानुगत विशेषता निर्माण गर्दछ । यसर्थ जातिको निर्माणमा क्षण र परिवेशको पनि प्रभाव रहन्छ । साहित्यको समाजशास्त्रीय अध्ययनका सन्दर्भमा तेन प्रजातिको व्याख्या सहज वंशानुगत विशेषता, स्वभाव, शरीरसंरचना आदिका रूपमा गर्दछन् । उनी भन्छन् "मैले अनेक मानव जातिको विश्वमा फरकपन देखिनुमा आवास स्थानमा भिन्नता हुनु नै हो" कुनै जातिले खानपान वा कुनै महान् घटनाको कारणले फरक विशेषता आर्जन गर्न सक्छन् (जैन, सन् १९८६, पृ. २३–२४) । यो खानपानको परम्परा र संस्कृतिले पनि जातिको निर्माण गर्दछ ।

साहित्यिक अध्ययनमा तेनले प्रजातिसम्बन्धी धारणालाई बढी महत्त्व दिएका छन् । उनी प्रजातिअन्तर्गत व्यक्तिको सहज तथा वंशानुगत विशेषता, मानसिक बनावट र शारीरिक संरचना आदिको चर्चा गर्दछन् । यति हुँदाहुँदै पनि एक प्रजाति देशकालको दृष्टिले टाढाटाढा फैलन जाँदा पनि फेरि उसमा केही समान विशेषताहरू विद्यमान रहने अवधारणा प्रस्तुत गर्दछन् । प्रजातिको चरित्रगत विशेषतामा जलवायु, माटो (धर्ती) वा इतिहासको महान् घटनाको उपज रहन्छ । त्यसैले प्रजातिको विशिष्ट चेतना वा सौन्दर्यानुभूति चरित्रमा देखापर्दछ । प्रजाति चरित्रअनुसार नै सौन्दर्यको आदर्श विकास हुन्छ (पाण्डेय, सन् १९७४, पृ. १२४) । तेनका अनुसार लेखकमा आफ्नो प्रजातिगत विशेषता विद्यमान रहेको हुन्छ र साहित्य सिर्जनाका सन्दर्भमा त्यसको प्रभाव पर्दछ (तेन, सन् १८९५, पृ. २४) । लेखकले आफ्ना रचनाको सामग्री आफ्नो प्रजातिबाट नै ग्रहण गर्दछ । त्यसैले साहित्यिक कृतिको अध्ययन गर्दा त्यसको प्रजातिगत अध्ययन गर्नु आवश्यक हुन्छ । कुनै एक प्रजातिका मानिसहरू जहाँ गए पनि तिनीहरूमा निश्चित प्रजातिगत गुणहरू विद्यमान रहिरहन्छन् । तर फरक भूगोल, हावापानी र खानपानको प्रभावका कारण केही प्रजातीय गुणहरूमा परिवर्तन आउन

सक्छन् । यस्तो अवस्थामा पनि तिनीहरूमा आफ्नो प्रजातिको मौलिक विशेषता र चिह्नगत आधारहरू कायम नै रहन्छन् (श्रेष्ठ, २०७१, पृ. ७३) । यही नै साहित्यमा जाति पहिचानका आधारहरू हुन् ।

साहित्यिक चिन्तनको लक्ष्य समाजको मानव जाति तथा प्रजातिबारे जान्नु हो । कृतिको सर्जक र कृतिमा व्यक्त भएको मानवका बारेमा जान्नका निम्ति साहित्यको अध्ययन आवश्यक हुन्छ । कुनै पनि साहित्यिक कृति आकाशबाट अवतरित हुँदैन कि प्रत्येक पुस्तक कुनै समयमा प्रजातिहरूको छाया वा खेलजस्तो हुन्छ । जसरी प्राणीको अवशेष र खेलबाट प्राचीन प्राणीको अध्ययन गर्न सकिन्छ त्यसरी नै कृतिको अध्ययनबाट मानव प्रजातिको अध्ययन गर्न सकिन्छ । प्राचीन अवशेष र पुस्तक दुवै निर्जीव वस्तु हुन् तर यिनीहरूको अध्ययनबाट कुनै समयका जीवित मानव अस्तित्वको अध्ययन भने हुन सक्छ । साहित्यका आलोचकले त्यही अस्तित्वको पहिचान गरेर त्यसको पुननिर्माण गर्नुपर्दछ । यसरी, तेनले प्रजातिलाई साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति एउटा मुख्य विषयका रूपमा लिएका छन् (छेत्री, २०६४, पृ. २३) । त्यसै गरी साहित्यको समाजशास्त्रीय चिन्तनमा 'जाति' शब्दलाई वर्णव्यवस्थाको अर्थमा लिइएको छ भने 'प्रजाति' शब्दलाई मानव उपशाखाका अर्थमा ग्रहण गरिएको छ । यस दृष्टिले हेर्ने हो भने जीवविज्ञानअनुसार जाति शब्दले अङ्ग्रेजी भाषाको कास्ट (cast) र प्रजाति शब्दले रेस (race) लाई बुझाउँछ । कहिलेकाहीँ मानिसहरू कास्ट र रेस दुवै अर्थमा जाति शब्दको प्रयोग गर्दछन् (शर्मा, २०५८, पृ. ८२) । अध्ययन सन्दर्भमा रेस अर्थात आनुवंशिकतालाई नै जाति पहिचानको आधार बनाउनु पर्ने देखिन्छ ।

समालोचनाको सामाजिक दृष्टिकोणको व्यापक सैद्धान्तिक प्रस्फुटन तेनबाटै हुन्छ । उनी क्षण, युग र जातिका सूत्रद्वारा समाजपरक सिद्धान्त प्रस्तुत गर्ने र सामाजिक समालोचनाका प्रथम उल्लेख्य सैद्धान्तिक प्रवक्ता हुन् (त्रिपाठी, २०५८, पृ. १४९) । मानव समूहमा विभिन्न जातिहरू छन् र प्रत्येक साहित्यकार कुनै न कुनै जातिको सदस्य हुन्छ । संसारका प्रत्येक जातिको आफ्नै सांस्कृतिक र ऐतिहासिक परम्परा हुन्छ । आफ्नै कलागत मूल्य हुन्छ र आफ्नै जीवनको आदर्श हुन्छ । यी सबै विशेषताहरू त्यस जातिको जीवनमा घुलमिल भएर अविभाज्य रूपमा रहेका हुन्छन् । यस्ता जातिगत विशेषताहरू त्यस जातिका सबै साहित्यकारमा घटी वा बढी मात्रामा पाइन्छन् । यस अवधारणाका आधारमा यसर्थ प्रधानका उपन्यासमा जातिको उपस्थितिको अध्ययन गर्ने आधार मिल्दछ ।

तेनले प्रयोग गरेको रेस (Race) शब्दको प्रयोग गर्ने क्रममा विविधता छ । विशेष गरी हिन्दी उच्चारण र लेख्य व्यवस्थामा 'प्रजाति' शब्द प्रयोग गरिएको छ । रेसको नेपालीकरण गर्दा जाति÷प्रजाति शब्द प्रयोग गरिएको छ । नेपाली समालोचकहरूका अनुसार आनुवांशिक गुणका आधारमा देखिने फरकपनलाई नेपालीमा जाति भनिनु बढी सान्दर्भिक हुने तर्क छ । जुन तेनले प्रयोग गरेको 'रेस' शब्दको समानार्थी शब्द हो । कास्ट (Cast) शब्दलाई रेस (Race) शब्दको वैकल्पिक रूपमा प्रयोग गर्नु हुँदैन । यसर्थ वंशानुगत एवम् पर्यावरणीय प्रभावले समान र भिन्न स्वरूपका जातिको निर्माण गर्छ । यही जातिको सैद्धान्तिक पर्याधारमा रही उपन्यासको अध्ययन गर्नु उपयुक्त हुन्छ ।

साहित्यको समाजशास्त्रीय अध्ययन परम्पराका सन्दर्भमा पूर्वस्थापित सिद्धान्तहरू विकसित छन् । समाजशास्त्रीय सिद्धान्तमध्ये तेनद्वारा प्रतिपादित मान्यता पनि एक प्रमुख सिद्धान्तका रूपमा स्थापित छ । जुन कुरा उनको ग्रन्थ हिस्ट्री अफ इङ्लिस लिटरेचरमा वर्णित सन्दर्भका आधारमा निर्धारण गरिएको छ । फ्रान्सका समाजशास्त्री एवम् इतिहासविद् तेनले विशेष गरी जाति (Race) को प्रसङ्गमा चर्चा गरेका छन् । उनका अनुसार सामाजिक एवम् प्राकृतिक तत्त्वले समाजको निर्धारण गर्दछ र त्यही साहित्यमा प्रतिबिम्बन हुन्छ (एडम्स, सन् १९९२, पृ. ६०८) । तेनले साहित्यलाई विचार र समाजमा प्रभाव पार्ने शक्तिका रुपमा भन्दा पनि सामाजिक र प्राकृतिक कारकहरू रेस, इन्भारोमेन्ट र इपोचको परिणामका रुपमा बढी हेर्छन् । यो सामान्य नियमहरूद्वारा निर्देशित हुने एकप्रकारको घटना हो । ... जसले मानवको समग्र दृष्टिकोणमा योगदान पुऱ्याउने छ (एडम्स, १९९२, पृ. ६०८) । प्रस्तुत दृष्टिकोणअनुसार तेनले जातिको उपस्थितिलाई महत्त्वपूर्ण स्थान दिएको प्रस्ट हुन्छ । साहित्यको समाजशास्त्रीय अध्ययनका सन्दर्भमा तेनको

मान्यताअनुसार जातिको उपस्थिति खोज्नु आवश्यक छ । कृतिभित्र वर्णित जातिका अभिलक्षणहरू पहिचान गर्ने आधारहरूका आधारमा हृदयचन्द्रसिंह प्रधानका उपन्यासको विश्लेषण तलका उपशीर्षकमा गरिएको छ ।

## नतिजा र विमर्श

उपन्यासकार हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा जातिसम्बन्धी समाजशास्त्रीय मान्यताको प्रयोग सघन छ । यिनका पहिलो औपन्यासिक कृति *स्वास्नीमान्छे* (२०११) हो । प्रधानले उपन्यासको भूमिकामा लेखेअनुसार २००६ सालमा लेखन प्रारम्भ गरिएको भए तापनि जनक्रान्तिको अभियोगमा जेलपरी लेखन अधुरै रह्यो । जेलबाट मुक्त भइसकेपछि पूर्णता दिइ प्रकाशनमा ल्याइएको हो । यो उपन्यासमा मूल कथानक स्वास्नीमान्छे रन्डीबन्नु पर्ने विवशतालाई समावेश गरिएको छ । यसरी रन्डी बन्नु उनीहरूको रहर नभई बाध्यता भएको तर्क अगाडि सारिएको छ । भोगविलासी पुरुषहरू तथा सामाजिक सांस्कृतिक एवम् आर्थिक कारणहरूले मातृवात्सल्य र पितृभक्ति समेत अपहेलित भएको छ । प्रेम प्रणयहरू टुटेका छन् । तत्कालीन सामाजिक एवम् राजनैतिक यथार्थतामा उपेक्षित वर्ग र सचेत युवाहरू सङ्गठित भई प्रतिकारमा उत्रन्छन् । सिङ्गो देश र नारीजातिको अस्तित्वमा रक्षागर्ने प्रगतिवादी कथानक व्यक्त छ । *स्वास्नीमान्छे* उपन्यासमा मुख्यगरी पुरुषजाति र महिला जातिको उपस्थिति छ । जाति पहिचानका दृष्टिले शसक्त नरहे तापनि विविध घटनाक्रमलाई साक्ष्य बनाई जाति पहिचान र विश्लेषण गरिएको छ । जाति पहिचानका लागि स्वानीमान्छे उपन्यासमा वर्णित पात्रगत आनुवंशिकता, सांस्कृतिक अभिलक्षण, जलवायु र भूगोल, खानपान र शारीरिक संरचना आदिलाई आधार बनाइएको छ ।

प्रधानको *एकचिहान* उपन्यासको कथानक बीज काठमाडौँ भित्रकै कुरिया गाउँको निम्नवर्गीय किसान परिवार हो । उपन्यासको विषयवस्तुअनुसार जातिगत समावेशी प्रतिनिधित्वको केन्द्र पनि हो । *एकचिहान* उपन्यासमा अष्टनारांको परिवारसँग सम्बन्धित दुःख कष्ट र करुणा मूलकथा तथा गोदत्तप्रसाद र नानीथकुंको प्रेमप्रसङ्गका उपकथाहरू मुख्य रूपमा समेटिएको छ । उपन्यासमा प्रजातन्त्रको आगमनपश्चात् सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक आदि क्षेत्रमा अपेक्षाकृत सुधार नहुँदा स्थितिको थिचाइको परिणामको प्रतिक्रिया व्यक्त छ । यही जातीय, अन्तर्जातीय वा नश्लीय सम्बन्धका विविध घटनाक्रमलाई साक्ष्य बनाई जाति पहिचान र विश्लेषण गरिएको छ । समाजशास्त्री तेनले स्थापना गरेका मान्यताका आधारमा *स्वास्नीमान्छे* र *एकचिहान*मा वर्णित घटनाक्रम र पात्रगत उपस्थितिमा आनुवंशिक गुण, सांस्कृतिक अभिलक्षण, जलवायु र भूगोल, खानपान र शारीरिक संरचना आदिका आधारमा जातिको स्थिति अध्ययन तलका उपशीर्षकमा गरिएको छ ।

### प्रधानका उपन्यासमा सहज आनुवंशिक गुण

उपन्यासकार प्रधानका उपन्यासमा जाति पहिचानसँग सम्बन्धित विषयको प्रयोग सहज अनुवांशिक गुणका रूपमा चित्रण गरिएको छ । सहज आनुवंशिक गुणको अभिप्राय जैविक तथा प्राकृतिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा सर्ने समान अभिलक्षण हो (तेन, सन् १८९५, पृ. १८) । कृत्रिमता र असहजता नरहने यस्ता गुणहरूमा वाह्य प्रभावीहरूको खासै भूमिका रहँदैन । नश्लीय स्वभावका यस्ता प्रवृत्तिहरू वंशानुगत आचरणमा निहित हुन्छन् । नश्लीय सम्बन्धले समान र भिन्न अभिलक्षणको निर्धारण हुने गर्दछ । यसर्थ कृतिमा जातिको पहिचानका लागि सहज आनुवंशिक गुणको खोजी गर्नु जरुरी हुन्छ ।

उपन्यासकार प्रधानको *स्वास्नीमान्छे* उपन्यासमा गौण भूमिकामा बहुपात्र रहे तापनि प्रमुख र सहायक भूमिकामा सीमित पात्रहरू छन् । मुख्यगरी प्रमोदको परिवारमा रहेका मोतीमाया र कमला दुई श्रीमती हुन् । स्वभावमा भिन्नता भएपनि मोतीमायातर्फ बाट एकमात्र सन्तान विनोद छन् । यही परिवारबाट उत्पन्न घटनाक्रम समाज र देशकै समस्याको रूपमा केन्द्रित छ । प्रमोदका छिमेकीहरू मध्ये हिराज्यानको भूमिका कुटिल छ । गाउँले मोहनबाहदुर

यौनपिपासु देखिन्छ । रन्डी खानाकी प्रमुख मिस्री, नानीप्राण, दालचिनी, लीला, मैयानानी, गुन्डाहरू अदि पात्रहरू उपस्थित छन् । उपन्यासमा वितरित घटनाक्रम तथा पात्रको उपस्थितका आधारमा समान र भिन्न नश्लीयसम्बन्ध पहिचान गर्न सकिने सहज अवस्था छैन । जाति पहिचानका लागि सहज आनुवंशिक अभिलक्षणको केन्द्रीयतामा दुई स्वरूप छन् । एउटा वर्ग स्वास्नी वा स्त्री जाति हो भने अर्को वर्ग पुरुष हो । पुरुषहरूको नश्लीय स्वभावले स्त्रीवर्ग उत्पीडन भोग्न विवश छन् । घर, परिवार, समाज, संस्कृति आदिको नैतिक मर्यादाबाट किनारीकृत गर्ने मुख्य षड्यन्त्र पुरुषमा छ र त्यसको सहयोगी पुरुषवादी चिन्तन बोकेका महिलाहरू पनि छन् । यस उपन्यासको सिङ्गो समीकरणलाई हेर्दा सनातन हिन्दूधर्म संस्कृति मान्ने खसआर्य सम्प्रदायको जातीय उपस्थिति रहेको छ ।

> आँखाभरि आँसुगरी अनि कृष्णको मूर्ति देखेर हाँसीहाँसी करुणहाँस्य मुद्रामा मोतीमायाले आरतीको दीप घुमाइरहेकी थिइन् । घडी घडी उनी आरतीको दीप घुमाउँथिन् छिन–छिनमा फेरि आरतीलाई भूइँमा राखी दुवै हात जोडेर कृष्ण मूर्तिसित आफ्नो दुःख पोख्दै उद्धारको निम्ति निवेदन गरिरहन्थिन् (प्रधान, २०६६, पृ. १) ।

प्रस्तुत कथनअनुसार कृष्ण र कृष्णभक्ति गर्ने जाति वा सम्प्रदायको प्रतिनिधित्व गरेको छ । आफ्ना अप्ठ्याराहरूसँग जुध्न भरोसाको केन्द्र भगवान् रहेको आस्तिक समुदाय उपन्यासमा रहेका छन् । प्रधान प्रगतिवादी दृष्टिकोण राख्ने हुनाले सो कुरा केवल मन शान्ति गर्न मात्र सीमित छ । आर्थिक अभावमा पिल्सिएर मातृत्व र पतिब्रता बन्न नसकी आत्महत्या गर्न पुगेकी मोतीमायालाई मोहनबहादुरको षड्यन्त्रले पुनः आशा जगाइदिन्छ । अर्कोतर्फ सौतेनी षड्यन्त्रले जिजीविषाबाट विमुख बनेकी मोतीमाया र प्रमोदको परिवारका घटनाक्रमलाई नियाल्दा हिन्दू संस्कारलाई मान्ने, क्षणगत्ले बहुविवाह प्रथा, सतीबन्ने सन्दर्भ आदि खस जाति विशेषकै रहेको तथ्य उपन्यासको निम्नलिखित साक्ष्यले प्रमाणित गर्दछ :

> रिसले भैरव बनेर प्रमोद कोठाबाट बाहिर जान सुरिए । प्रमोदको हात समाती रोकेर कमलाले भनिन्, जङ्गिएर के काम, आफ्नै जिउले सास्ती पाउनुमात्र हो, बृद्धिमानले त करणीबाट देखाउन सक्नुपर्छ । अब त मेरो कुरा तपाईंको विश्वासको भाँडोमा अटायो, यति हुने त मेरो शङ्काले अस्तिका पनि कति अस्ति नै देखिसकेको थियो, तर के लाग्छ, पत्याउने भए पो भन्न पनि हिम्मत होला । के लाग्यो अनि मैले पनि चुपलाग्नु नै भलो ठान्नुपऱ्यो । यस्ता शङ्का कति कुरा त मैले घाँटिमा अङ्काइराखेकी छु, कति त्यसै निलेर पठासकेकी छु (प्रधान, २०६६, पृ. १०) ।

प्रस्तुत अंशमा मोतीमायाले बेहोर्नुपरेको सौतेनी षड्यन्त्रले चरम अवस्था लिइसकेपछि मानसिक पीडामा छट्पटाउनु परेको थियो । खानपिनको प्रबन्ध पनि असहज बन्दै गएको थियो । जुनकुरा तत्क्षणगत खसआर्य सम्प्रदायकै आनुवांशिकता हो । काठमाडौंभित्र कै कुलीन परिवार जसले नोकर नोकर्नी तथा भान्से समेत राखेको देखिन्छ : भान्छा तयार भो भनी सँधै चम्पा बोलाउन आउँथी । ११ बजे भान्छे बाहुनी, नोकर्नी लगायतले भात खाइसक्थे । आज यतिबेला भइसक्यो बोलाउन आएकी छैनन् (प्रधान, २०६६, पृ. १५) यस साक्ष्यले पनि बाहुनी भान्छे राख्ने र नोकर नोकर्नीको व्यवस्था भएको राणाकालीन काजी खलककै परिकल्पना गरिएको छ । व्यवहार, बोलचाल, नातासम्बन्ध सङ्केत नामका आधारमा पनि नेपाली खसआर्य जतिकै प्रतिनिधित्व पाइन्छ । "आउली अब तपाईंकी स्वास्नी, राम्रै आउली–माइत छैन, दिदीबहिनी, फुपू–भदै कोही छैन उनीहरूकहाँ गई भनूँ भने पनि । मैले हेर्दा त सोझ्याइसकी बाटो (प्रधान, २०६६, पृ. ५५) । जुन भाषा र नाता सम्बोधन नाम प्रयोग गरिएबाट पनि प्रमोदको परिवारको आनुवंशिक सम्बन्ध स्पष्ट छ । "हाँसेर टार्न पाइँदैन काजी, भोज ख्वाउन भोज ।" बाबुराजाले भने । "ख्वाउँला राजाहरू ख्वाउँला ।" मोहनबहादुरले पनि ठट्टा गर्दै भने (प्रधान, २०६६, पृ. ७०) । उपन्यासमा मोहनबहादुरले मोतीमायालाई वरण गरिसकेपछि उनका साथीहरूले पार्टी ख्वाउन आग्रह गरेको सन्दर्भका प्रतिनिधि कथनहरू हुन् । *स्वास्नीमान्छे*

उपन्यासमा जाति पहिचान गर्ने आनुवंशिकता भेटिन्छ । खास गरी मोहनबहादुरमा प्रयोग गरिएको मध्यनाम 'बहादुर' र बाबुराजामा आएको 'राजा' शब्द खस सम्प्रदायकै जातिगत आनुवंशिकता हो । यसै सन्दर्भलाई थप प्रट पार्ने शब्द 'काजी' भनेर स्पष्ट प्रयोग गरिएको छ । यसर्थ सूक्ष्म आधारमा मात्र भेट्न सकिने सहज आनुवंशिकता *स्वास्नीमान्छे* उपन्यासको जाति पहिचानको प्रमुख आधार हो ।

काठमाडौँ उपन्यकाको परिवेशमा प्रमोदको छिमेकी नेवार वा ज्यापू रहेको देखिन्छ । खास गरी कुटुनी स्वभावकी हिराज्यानचा र भाइचा नेवार जातिको प्रतिनिधित्व गर्ने पात्र हुन् । जुन उपन्यासका यी कथनबाट प्रमाणित हुन्छन्ः ... उही गुन्डा मोहनबहादुर, यहाँ हाम्रो टोलमा भाइचासल्मीकहाँ बारम्बार आइरहने के । ... लाजले मैले त मुन्टै उठाउन सकिनँ । कुरा मिलाइदिने 'हें खें धों मा' त्यही हीराज्यानचा राँडी त होला नि (प्रधान, २०६६, पृ. ७२–७३) । उपन्यासमा सामान्य भूमिकामा रहे तापनि नेवार जातिको प्रतिनिधित्व छ । उपन्यासलाई नश्लीय आनुवंशिकता निर्धारण गर्न बहुमुखी बनाएको छ । हें खें धों मा जस्ता नेवारी शब्द प्रयोग गर्नुले पनि स्पष्ट रूपमा जातिगत प्रतिनिधित्व रहेको छ ।

प्रस्तुत *स्वास्नीमान्छे* उपन्यासमा पुरुषको एउटा वर्गलाई गुन्डा र महिलाको एउटा वर्गलाई रन्डी भनेर सम्बोधन गरिएको छ । जुन उनीहरूको जातिगत अभिलक्षण त होइन तर बाध्यात्मक एवम् परिस्थितिजन्य अवस्थाको उपज हो । रन्डीहरू समाजबाट उपेक्षित स्त्री जातिको प्रतिनिधित्व हुन् । गुन्डाहरू आफ्नो भोगविलासी स्वभावलाई लाद्ने आनुवंशिकता बोकेका जाति विशेषको भूमिकामा देखिएका छन् । आफ्नो आवश्यकता र इच्छापूर्ति गरी स्वार्थको भरमा टिकेका गुन्डाहरू अमानवीय व्यवहारमा अग्रसर छन् । वेश्यालयलाई संस्थागत गर्ने र उपेक्षित महिलाहरूको उद्धारमा समेत जुटेका रन्डीहरूले सामान्य रन्डी भन्दा भिन्न परिचय दिने आनुवंशिकता प्रस्तुत गरेका छन् । जुनकुरा उपन्यासका यी कथनबाट बुझ्न सकिन्छ :

> विनोदजी ! तपाईंकी आमालाई हामीले रन्डी बनाएका छैनौँ, रन्डी हुनुबाट, गुडा–बदमाशको पञ्जाबाट बरु हामीले उनलाई बचाएका छौँ । हामीलाई बजारबा मामुली रन्डी नसम्झनुहोस विनोदजी ! हो हामी रन्डी हौँ, तर जिम्मेवार रन्डी हौँ । ... पैशाका रन्डी सम्झने भूल नगर्नुहोला विनोदजी, हामी जीवनका रन्डी हौँ । समाजमा जीवन दिनाका निम्ति हामीले रन्डी पेशा अपनाइरहेका छौँ (प्रधान, २०६६, पृ. १३०–१३१) ।

प्रस्तुत उपन्यासमा सहज आनुवंशिक दृष्टिले भिन्नभिन्न जातिको उपस्थिति पहिचान गर्न निकै कठिन देखिन्छ । सहज आनुवंशिकताका अभिलक्षण छैनन् । जीवनशैली, व्यवहार, पेसा, लैङ्गिकता र लिङ्गका आधारमा जातिगत उपस्थिति निरूपण गरिएको छ । बहुलपात्र भएर पनि जातिभन्दा वर्गसमुदाय प्रमुख बनेर आएको छ । नश्लीय अन्तमिश्रण वा पृथक्ता पनि केवल लिङ्गका आधारमा मात्र भेटिन्छ । समाजवादी यथार्थवादी दृष्टिकोणबाट माथि उठी वर्गीय तथा लैङ्गिक समताका आधारहरू खोजिएको प्रगतिवादी दृष्टिकोणयुक्त जातिगत परिकल्पना *स्वास्नीमान्छे* उपन्यासमा छ ।

उपन्यासकार प्रधानको *एकचिहान* बहुपात्र योजना भएको उपन्यास हो । वर्गीय एवम् जातीय रूपमा समेत पृथक्ता रहेको पात्रयोजनामा अष्टनारां र उसको परिवार, गोदत्तप्रसाद, रञ्जनादेवी, माहिला तामाङ, रामखेलवन, सुब्बा सुरमान आदि उपस्थिति छन् । आनुवंशिक रूपमा नेवार समुदाय, खसपर्वते समुदाय, मङ्गोल र मधेसी समुदायको जातिगत संयोजन गरिएको छ । यही सहज आनुवंशिक गुणका आधारमा विभिन्न जात र समुदायको निर्धारण उपन्यासमा प्रस्ट भेटिन्छ । प्रगतिवादी चिन्तनलाई प्रमाणीकरण गर्न नश्लीय अन्तर्मिश्रण र सामाजिक न्याय समेत खोजी गरिएको छ । वर्गीय समाजमा आपराधिक मानसिकता रहेको प्रभुत्त्व जातिलाई पनि चुनौती दिइएको छ । उपन्यासमा सहज आनुवंशिक गुण पहिचान गर्न सकिने साक्ष्यलाई यसरी व्यक्त गरिएको छ : अष्टनारा विरामी भएको आज ठ्याक्कै

दुई महिन भइसक्यो, एक महिनासम्म आफ्नै टोलका गुभाजूलाई देखाएका थिए। विचराले हुनसम्मको उपाय गरिसकेका थिए। उनीबाट केही जोर नचलेर असनका तुयू गुभाजूलाई पनि देखाइसके। तुयू गुभाजू नेपालका एउटा नामी झारफुके बैद्य थिए (प्रधान, २०६७, पृ. ३)। प्रस्तुत साक्ष्यले नेवार जातिको प्रतिनिधित्वको सङ्केत गर्दछ।

गुभाजू, तुयू गुभाजू जस्ता नेवारी संस्कारका शब्दले नेवार जातको आनुवंशिकता रहेको जातिगत उपस्थिति स्पष्ट भेटिन्छ। त्यसै गरी बाबु वा लोग्ने मर्दा छोराछोरी र स्वास्नीले जति सक्यो उति बढ्ता आफ्नो शरीरलाई कष्ट दिनु नै परम कर्तव्य सम्झी क्रिया बस्ने आडम्बरी चलन त अष्टनारांको नेवार किसान जातिमा आएकै थिएन (प्रधान, २०६८, पृ. ४२)। यस दृष्टिकोणले पनि किसान पेसामा आवद्ध रहेको नेवार जातको उपस्थिति भेटिन्छ। यस जातिमा पनि प्रगतिशील दृष्टिकोण विकास भएको छ। नश्लीय सम्बन्धकै आधारमा रुढि स्वीकार नगर्ने जातिगत वैचारिकतालाई यसरी व्यक्त गरिएको छ :

> म जाति बन्धनले पे्रम अथवा विवाहलाई छेक्न चाहान्नँ मात्र होइन, असाद्धे चाहान्नँ। ... तिम्रै मन मिल्छ भने नेवार जातिको मात्र होइन अझ गैरपर्वते र मधेसी जातिका स्वास्नीमान्छेसित पनि तिमी विवाह गर्न सक्छौ। ... दुई विशेष साम्प्रदायिक जातिका बीचमा वैवाहिक सम्बन्ध नराखीकन वास्तविक उन्नति हुँदैहुँदैन भन्ने मलाई लाग्छ। हर्ष र सौभाग्यको कुरा छ, यस विषयमा पैँतिस वर्षअगाडि देखि हाम्रो घर वा परिवारमा हाम्री आमा लतमाया पर्वते जातकी एउटी खसकी छोरी हुनुहुन्छ (प्रधान, २०६८, पृ. १४३–४४)।

प्रस्तुत कथनले पनि *एकचिहान* उपन्यासमा वर्णित पात्रगत आनुवंशिकता मिश्रित रहेको छ। रुढ सामाजिक मान्यताका विरुद्धमा प्रगतिवादी चिन्तन र वैज्ञानिक नश्लसम्बन्धको समीकरणले उपन्यास गहन बनेको छ।

उपन्यासमा चित्रित अष्टनारांको सिङ्गो परिवार नै वर्णव्यवस्थाअनुसार विभाजित जातलाई अन्तमिश्रण गरी भेदभावरहित आनुवंशिक सम्बन्धको खोजी गर्ने केन्द्र बनेको छ। भूमण्डलीय संरचनामा समेत प्रायः असम्भव परिकल्पना प्रधानद्वारा गरिएको पाइन्छ। नेपाल हिन्दू वर्णाश्रम व्यवस्थामा रहेर पनि विश्वले परिकल्पना गरेको (महिला र पुरुष) प्राकृतिक विभेदलाई मात्र आधार बनाइएको कुरा उपन्यासमा यसरी व्यक्त गरिएको छ :

> तिमी मेरो आफ्नो जातिकी मानिस हुनाले मेरो नातादार हौ। हरेक स्वास्नी मान्छेले दुनियाभरका प्राणी अथवा मानिस मात्रको हित गर्न नसके पनि कमसेकम स्वास्नीमान्छे मात्रको इज्जत र गौरवको मात्र ख्याल राख्न सके पनि दुनियाँको दुःखको मात्रा यति घट्छ कि मानिसको वस्तीभित्र मात्र होइन बाटो बाटोमा सुख हाँसिरहेको हामी पाउने छौँ। ... हामी लोग्ने मानिस र स्वास्नी मानिसको यही परस्परको सम्बन्ध, सहयोग, मेल र समन्वयले नै सृष्टि अगाडि बढिरहेको छ र संसारमा प्रगति आइरहेको छ (प्रधान, २०६८, पृ. ११५)।

प्रस्तुत *एकचिहान* उपन्यासमा नश्लीय सम्बन्धका आधारमा नेवार, खसपर्वते र मधेसी फरक फरक जातिको उपस्थिति देखाइएको पाइन्छ। रञ्जनादेवी र गोदत्तको एउटा जातीय सम्बन्ध, माइला तामाङको अर्को जातीय सम्बन्ध र रामखेलवनको अर्को जातीय सम्बन्धको उपस्थिति गराइएको छ। आनुवंशिक गुणका आधारमा फरक अभिलक्षण भेटिन्छ तर त्यही फरक अभिलक्षणलाई सम्मिलन गराई सिङ्गो मानवजातिको परिकल्पनामा आदर्शस्वरूप अष्टनारांको परिवारलाई अगाडि सारिएको छ। नेवार, पर्वते, मधेसी यी तीन जाति र संस्कृतिको समन्वय वा सम्बन्धलाई शिवनारांले गंगा, यमुना, सरस्वतीको समन्वय भएर महातीर्थ बनिरहेको त्रिवेणीलाई झैँ पवित्र सम्झेका थिए, किनभने यी तीन जाति र संस्कृतिको समन्वय वा स्थापना नभईकन नेपालको उन्नति हुँदै–हुँदैन भन्ने उनलाई विश्वास थियो (प्रधान, २०६८, पृ. २१८)। यसर्थ प्रस्तुत उपन्यासमा सहज आनुवंशिकताका दृष्टिले भिन्नभिन्न जातिको उपस्थिति रहेको प्रस्ट हुन्छ। नेपालको परिवेश, घटना र पात्र रहेको हुनाले वर्णाश्रम व्यवस्थाद्वारा निर्धारण गरिएको जातगत विविधताले पनि जातिको विविधता वर्णन सहज नै छ। समाजशास्त्रीय मान्यताले आनुवंशिकतालाई खास गरी नश्लीय

सम्बन्धका आधारमा खोजी गर्नुपर्ने र त्यसले जातिलाई सम्बोधन गर्ने भएकाले पनि सो कुराको नै प्रयोग उपन्यासमा पाइन्छ । फरक यति हो कि उपन्यासलाई प्रगतिवादी बनाउन वा वैज्ञानिक नश्लीय अन्तर्मिश्रणबाट विकसित समाजको निर्माण गर्न फरक जातिबीच जैविक सम्बन्ध खोजिएको छ । यही सहज आनुवंशिक अभिलक्षण र मिश्रण नै *एकचिहान* उपन्यासमा निहित जाति हो ।

**उपन्यासकार प्रधानका उपन्यासमा समान सांस्कृतिक विशेषता**

उपन्यासकार प्रधानका उपन्यासमा जातिलाई परिभाषित र प्रमाणीकरण गर्न समान सांस्कृतिक विशेषताको महत्वपूर्ण भूमिका छ । समान र भिन्न सांस्कृतिक प्रवृत्तिले जाति पहिचानको आधार तय गर्दछ (तेन, सन् १८९५, पृ. २६) । यही पृष्ठभूमिबाट उपन्यासकार प्रधानका उपन्यासमा समान सांस्कृतिक विशेषताका माध्यमबाट जातीय निर्मितिको अध्ययन गर्नसकिने आधार मिल्दछ । संस्कृति सामाजिक आचरण वा व्यवहार हो । समाजसापेक्ष तथा समाजनिरपेक्ष रूपमा संस्कृतिको उपस्थिति कृतिमा रहन्छ । यही समाजसापेक्ष रहने समान सांस्कृतिक अभिलक्षणहरूले जातिगत स्वरूप निर्धारण गर्दछ । सांस्कृतिक समानताका दृष्टिकोणले कालान्तरमा पृथक् र समान जातिको पहिचान गर्न सकिन्छ ।

उपन्यासकार प्रधानको *स्वास्नीमान्छे* उपन्यासमा जाति पहिचान गर्न कथानक संरचनामा वर्णित सांस्कृतिक अभिलक्षणलाई पनि आधार बनाउनुपर्ने हुन्छ । आनुवंशिकताले जसरी निश्चित जाति पहिचानमा सहयोग पुग्दछ, त्यसै गरी नश्लीय निकटताले भौतिक रूपमा पनि निकट राख्दछ । यसरी कुनै जाति एकीकृत भएर बस्दा सांस्कृतिक समानता र भिन्नताका आधारमा जाति पहिचान गर्न सम्भव छ । यस उपन्यासमा काठमाडौँ भित्रकै सामाजिक सांस्कृतिक परिवेशको विशेष चित्रण गरिएको छ । आफूलाई वेश्या बन्न बाध्य बनाउने लोग्नेलाई परमेश्वरको रूपमा स्वीकारी सती बन्ने धार्मिक मनोवृत्तिले भरिएको जातिगत उपस्थिति छ ।

> बिदाइको रूपमा एकबाजि लोग्नेको दर्शन गरेर आउनु कर्तव्य पनि ठानिन् । यो विचारले पनि मोतीमायाको पाइलोलाई घरतिर घचेट्यो । अर्कोकुरा आत्महत्याको निम्ति झुन्डिन ताम्सिँदा विवाहको दिन प्रमोदले प्रथम भेटमा बोलेको यो पहिलो कुराले पनि मोतीमायाको भावुक हृदयमा एकपटक चिमटिहाल्यो (प्रधान, २०६६, पृ. २२) ।

प्रस्तुत साक्ष्यका आधारमा उपन्यासको विश्लेषण गर्दा पतिपरायण हिन्दू आदर्श संस्कृतिले भरिएका नारी जातिको उपस्थिति पाइन्छ । तत्कालीन समयका सम्पूर्ण नेपाली नारीहरूकै जातिगत संस्कृति हो । बहुपत्नी प्रथा रहेको उक्त समाजमा पुरुषहरूमा नारी यौवनको भोगी बन्ने प्रवृत्ति रहेको पाइन्छ । सौताले आफ्नो स्वार्थपूर्ति गर्न अनेकन षड्यन्त्र गर्ने साझा संस्कृतिसमेत विकसित भएको छ । हिराज्यान जस्ता छिमेकी नारद प्रवृत्तिले पनि गृहकलह सृजना गर्न त्यतिकै षड्यन्त्र गर्दछन् । जुन विद्यमान समाजको जातीय संस्कृति नै हो । उपन्यासमा भनिएको छ :

> ... दुई चार रुपैया खर्च गरेर एकचोटि नालेस त  ठोक्नुस, अनि हेर्नुस तपाईका पोइ महाराज र सौता देवीले तपाईंलाई द्यौता मानेजस्तो मान्न थाल्छन्, किनभने अंश दिनुपरेमा उनीहरूको ड्याग पर्छ । भला आफूलाई पुजाउने अक्कल त हुन जाला बरु म तपाईलाई चाहिने खर्च मद्दत गरूँला (प्रधान, २०६६, पृ. २८) ।

प्रस्तुत साक्ष्यमा कुनै ठूलो स्वार्थ नरहे तापनि हिराज्यान जस्ता प्रवृत्तिहरू छिमेकमा भएका घटनाक्रमको चियोचर्चो गर्दछन् । स्थितिलाई साम्य पार्नु भन्दा पनि आगोमा घिऊ थप्न उद्दत छन् । यो सामाजिक यथार्थले सांस्कृतिक स्वरूप धारण गरी अन्य संस्कृति भन्दा भिन्न पहिचान दिएको छ । हिन्दू संस्कृति मान्ने जाति पहिचान गर्न सकिने कथन यसरी व्यक्त गरिएको छ :

> लोग्नेले कुटे पिटे–फ्याँके भनेर त्यसको बदला मैले यहाँसम्मको किन लिएकी हँुली ? हिन्दूनारी भएर लोग्नेलाई छाडी म यहाँ किन आएकी हुँली ? २÷४ महिना, २÷४ वर्ष उनले जे गरेपनि मैले सहिरहेकी भए यस्तो काण्डै हुने थिएन। ... त्यतिकैमा अन्धी भएर मैले लोग्ने जस्तालाई छोडेर आउने ? सरासर यो पाप हो । म अवश्य नरक जान्छु । त्यसैले म उनकै सरणमा जान्छु, उनकै सेवा गर्छु, उनकै पूजा गर्छु (प्रधान, २०६६, पृ. ५८)।

प्रस्तुत कथनका आधारमा पनि नेपाली हिन्दू धर्मसंस्कृति मान्ने जातिको पहिचान छ। हिन्दू संस्कृतिमा पतिले भनेको मान्न बाध्य हुने भन्ने दार्शनिक विश्वास त छैन तर पतिलाई शिवको स्वरूप मान्ने र भगवान्को रूपमा पूजा गर्ने प्रचलन छ । भगवान् भएको हुनाले गलत गर्दैनन् भनी स्वर्गको द्वार खोल्ने आदर्श व्यक्तिको रूपमा स्वीकार गरिने परम्परा थियो। यो पुरातन प्रवृत्ति मोतीमायामा पनि देखिन्छ। आफ्नो श्रीमान्ले प्रिय मानेको वस्तुलाई विनातर्क प्रिय नै मान्नु पर्ने मर्यादाकी वर्गीय प्रतिमूर्ति मोतीमाया विश्व मानवसमुदायमा निश्चित जातिगत अस्तित्व कायम राख्ने पात्र हुन् । विश्वसमुदायमा हिन्दू परम्परा मान्ने नेपाली जातिको अस्तित्वलाई यसरी व्यक्त गरिएको छ, "भक्तराजजी रमानन्दलाई के टुलुटुलु हेराइराख्ने ? पाठपूजा जपध्यान गर्दै १२ बज्छ, सत्रवटा द्यौता नढोगीकन उसको चित्त बुझ्दैन, बरु भरे गरौला ।" मोहनबहादुरले भने (प्रधान, २०६६, पृ. ७१) । यस्ता पाठपूजा, जपध्यान्, द्यौता जस्ता सांस्कृतिक शब्दले पनि निश्चित जातिलाई सङ्केत गरेको छ। सांस्कृतिक सम्बन्धमा एकठाउँ देखिए पनि नश्लीय सम्बन्ध नभएका सामाजिक मर्यादाभन्दा भिन्न संस्कृति निर्माण गरिएको छ । कोठी खोली देहव्यापारमा संलग्न भएकोमा रन्डी भनिनुपर्ने र कोठीधाउने पुरुषहरू गुन्डा भएको तथ्य व्यक्त छ। उपन्यासमा नेपाली सहरी परिवेशमा मौलाउँदै गएको विकृतिको संस्कृति मान्न सकिन्छ। तथापि संस्था स्थापना गरी पैसामुखी रन्डी नभई जीवनका रन्डी हुने बाटोमा अगाडि बढ्ने प्रेरणा मिलेको छ। कोठीसँगै जोडिएका पात्रहरूका आधारमा विविध जातिगत अन्त्रमिश्रण भएको देखिन्छ तर स्पष्ट जाति पहिचान र निर्धारण भन्ने गर्न असम्भव छ । समान संस्कृति अवलम्बन गर्ने र भोगविलासी शैलीमा रहेका सांस्कृतिक एकताको संयोग भने मान्न सकिन्छ। तथापि जबरजस्ती रन्डी बन्नु नपर्ने र यदि अन्याय कसैबाट हुन्छ भने त्यसको प्रतिकार गर्न हिम्मत गरिएको प्रगतिवादी विचार समेत व्यक्त छ।

> तिम्रो जीवनमा कुनै दाग नलागेको, तिम्रो परिस्थिति सुरक्षित भएको भए तिमीलाई हामी कहिल्यै पनि यस्तो घरमा ल्याउने थिएनौँ मोती किनभने रन्डी भएर पनि हामी नारीमा नारीत्वको गौरब प्रतिष्ठित गराउने चेष्टामा लागिरहेका छौँ। ... जीवनको निम्ति, समाजको निम्ति, समाजमा हृदय र चरित्र ल्याउनको निम्ति, बरु रन्डी नै बन्नपरे पनि नमरिकन बाँचिरहनु पर्छ मोती ! अहिलेसम्म भाग्यवश तिमीले दुई पोइको मात्र जोई बन्न परेको छ, त्यो तिम्रो भाग्य हो। विधवा विवाह चलेकै छ, पुनर्विवाह गर्ने विधवा पनि दुई पोइकी जोई हो। त्यसैले तिमीलाई रन्डी भन्न सकिन्न पनि (प्रधान, २०६६, पृ. १११)।

प्रस्तुत कथनअनुसार तत्कालीन समयमा यदी कोही स्त्री बाध्यताले दोस्रो विवाह गर्छे भने त्यो रन्डी नहुने भन्ने विचार व्यक्त छ। पुनर्विवाह र विधवाविवाहले पनि दुई पोइको स्थिति निम्त्याउने र त्यो सामाजिक सांस्कृतिक रूपमा स्वीकार्य रहेको कुरा स्पष्ट छ । मोतीमायाको जीवन सान्दर्भिक घटनाका आधारहरू पनि सोही परिवेशका हुन् । यो उनको स्वैच्छिक कार्य होइन, यो त बाध्यात्मक हो। यही कुरा मध्यनजर गरी रन्डी बन्नुपर्ने सांस्कृतिक मान्यतालाई प्रयोगवादी दृष्टिबाट उन्मुक्ति र न्यायको सम्मिलन गराउनुपर्ने मान्यता सिङ्गो नेपाली जाति विशेषको हो।

> समाज र देशमा जागृत ल्याउनका निम्ति हामीले सबभन्दा पहिले महिला समाज नारी जातिको नै उन्नतिको जरुरत देख्छौ। कसैले थिच्न, मिच्न, हेप्न, नसक्ने नपाउने गर्नलाई उनीहरूमा यथेष्ट बल सञ्चार गराउन परेको देख्यौँ किनभने नारी मातृजाति हो, मूल बलियो भए हाँगापत सबै बलियो हुन्छ। त्यसैले नारी जातिको सुधार

र प्रगतिको निम्ति एउटा बलियो र राम्रो नारी संस्था चाहिएकाले खोलाउन लगाइराखेका छौँ (प्रधान, २०६६, पृ. ११०)।

उपर्युक्त कथनअनुसार समग्र समाज र संस्कृतिको धरोहर नारी वा स्त्री जातिको सुदृढीकरण हुँदैन तबसम्म समाज यथास्थितिमै रुमल्लिन्छ । नारीलाई यस्ता बाध्यकारी परिस्थितिबाट मुक्ति दिन र पुरुष जातिको षड्यन्त्रको सिकार हुन नदिन सङ्गठित हुनु जरुरी छ । यसरी नेपाल र नेपालीको सांस्कृतिक यथार्थले प्राकृतिक जातीय भिन्नतामा आवाज उठाएको छ । स्वास्नीमान्छे आफैं जातीय अस्तित्व कायम राख्न अग्रसर हुनुपर्ने सुदृढ संस्कृतिको परिकल्पना गरिएको छ । यसरी लैङ्गिक समानताको खोजी गरिएको जातिगत संस्कृति *स्वास्नीमान्छे* उन्यासको मूल कथ्य हो ।

प्रस्तुत *एकचिहान* उपन्यासमा जाति पहिचानका दृष्टिले सांस्कृतिक अभिलक्षणलाई पनि महत्त्वपूर्ण रूपमा हेरिन्छ । आनुवंशिक दृष्टिकोणले नजिक हुनुले भूगोल र संस्कृतिमा पनि समानता रहन्छ । यदि समान सांस्कृतिक अवस्था भएमा एउटै जाति र भिन्न भएमा भिन्न जाति हुने प्रबल सम्भावना रहन्छ । अष्टनारांको परिवार विशेष गरी काठमाडौँको निम्नवर्गीय ज्यापु परिवार हो । ज्यापु अर्थात् नेवार संस्कारका मौलिक संस्कृतिहरू हुन्छन् । यसले अन्य जातिबाट अलग्याएको छ भने समान सांस्कृतिक सम्बन्ध समेत निर्माण गरेको छ । यस प्रसङ्गलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ : "शिवनारांको जातिमा 'देव' नामको एउटै कात्रोबाट सारा गुठियारहरू मर्दा काम चलाइन्थ्यो । त्यो कात्रो ताश, किनखापको हुन्थ्यो र त्यो जलाइदैनथ्यो पनि, न त फ्याँकिन्थ्यो । जो मरेपनि त्यसैबाट कात्रोको काम चल्थ्यो ।" ( प्रधान, २०६८, पृ. ३४) । प्रस्तुत दृष्टाशंबाट पनि के प्रस्ट हुन्छ भने नेवार जातिको मृत्यु संस्कारमा प्रचलित 'देव' प्रथा उनीहरूको साझा संस्कृतिसँग सम्बन्धित छ । यसले स्वभाविक रूपमा एउटा जातिको उपस्थिति रहेको पुष्टि गर्दछ । यसर्थ नेवार वा ज्यापु विशेष जातिको संस्कार उपन्यासमा वर्णित छ ।

प्रस्तुत उपन्यासमा जातीय पहिचानको आधार उनीहरूको संस्कित पनि हो । यस उपन्यासमा नेवार जातिकलाई पिहचान गर्नका लागि विचाः प्रथालाई साझा संस्कृतिका रूपमा चित्रण गरिएको छ । यस प्रथालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : भोलिपल्ट एक बिहानैदेखि विचाः आउने मानिसहरूको ताँती लाग्न थाल्यो । .... मरेपरेका घरमा नाताकुटुम्ब स्टमित्रहरूबाट 'व्याहविचाः' ल्याई सहानुभूति प्रकट गर्ने चलन भएको हुनाले जुठोभरी खानपान गर्न शिवनाराहरूलाई गाह्रो भएन । दिनहुँ दुई छाक यस 'व्यहाविचाः' कै अन्नपातले जुठोभरी धानिदियो (प्रधान, २०६८, पृ. ४२) । नेवार जाति विशेषमा प्रचलित संस्कार 'देव' र 'विचाः' ले सिङ्गो ज्यापु समुदायको मौलिक संस्कृतिको पहिचान दिएको छ । यस प्रथाले अन्य जाति भन्दा भिन्न राख्ने÷रहने स्थिति बनेको छ । यही साझा संस्कृति जाति पहिचानको मूल आधार पनि बनेको छ ।

प्रस्तुत उपन्यासमा डाक्टर गोदत्तप्रसादको परिवार हिन्दू धर्मसम्प्रदायका हुन् । पारिवारिक, आर्थिक अवस्था समेत राम्रो भएका, शिक्षित वर्ग हुन् । उनी प्रभुत्वशाली संस्कृतिको पक्षपोषण गर्ने र आवश्यकता परिपूर्तिगर्न नीच हर्कत देखाउने संस्कारमा देखिन्छन् । रञ्जनादेवी भने पतिपरायण, शिष्ट, संस्कृतिमा अडिग रहेको कुरा यसरी व्यक्त गरिएको छ : वास्तवमा डाक्टरसाहेवको बानी तिमीलाई पत्त्व होओइन, एक नम्बनरका गुन्डा हुन्, एक नम्बरका भनूँ भने पोइको निन्दा गर्नु हुन्छ । पोइको निन्दा गर्नु पनि हिन्दू धर्मपाप सम्झन्छ तर नगरु पनि कसरी ! बटारिएको बानी सिवाय छैन (प्रधान, २०६८, पृ. १२०) । यसले पनि के देखिन्छ भने हिन्दू धर्मसंस्कृति मान्ने नेवार जाति भन्दा भिन्न जाति पनि रहेको छ । "हा ! हिन्दू भएर, नेपाली भएर गाईमाथि यस्तो शब्द मुखबाट निकाल्न ठिक छैन !" धर्मभीरुभावमा हाकुमायाले भनिन् (प्रधान, २०६८, पृ. १७२) । वास्तवमै हिन्दू धर्ममा विश्वास गर्ने सिङ्गो नेपाली जातिको परिकल्पना गरिएको छ । संस्कार संस्कृतिका आधारमा जातगत केही पृथक् मान्यतहरू कायमै रहे तापनि सांस्कृतिक समन्वयको परिकल्पना समेत गरिएको छ । जसरी आनुवंशिक सम्बन्धमा अन्तर्जातीय नश्ल मिश्रणको वैज्ञानिक परिवर्तन खोजियो

त्यसले पनि संस्कृतिमा प्रभाव पारेको छ । रुढ सांस्कृतिक मान्यताबाट जाति पहिचान गर्ने अवस्था भन्दा पनि विविधतामा एकता रहेको सिङ्गो नेपाली संस्कृतिको प्रयोग रहेको कथनबाट प्रस्ट हुन्छ ।

> हर्षनारां आज माहिला तामाङकहाँ ज्वाइँ बनेर आइरहेका छन् । उनका साथमा उनका दाजु पुननारां पनि आएका छन् । बिचरा दिनभरि भरिया भएर पनि दुईछाक पीठो खान नपाएका माहिला तामाङले उनीहरूलाई विशेष ख्वाउने पिवाउने कुराले के सत्कार गर्न सक्थे ? हृदयबाट गरिने सम्मानसत्कारमा भने कुनै कमी हुन दिएनन् । जोईपोइ दुवै जनाले ती दुई दाजुभाइलाई बडो आदरसाथ राम्रो नम्रताको व्यवहार गरे । उनीहरूको शिष्टता देखेर पुननारांहरू ज्यादै खुसी र सन्तुष्ट भए (प्रधान, २०६८, पृ. १८९) ।

प्रस्तुत साक्ष्यले पनि के प्रमाणित गर्दछ भने जातगत रूपमा विविधता छ । जातले सांस्कृतिक स्वरूपमा पृथकता ल्याउने स्वभाविक छ । यद्यपि सिङ्गो नेपाली संस्कृति विश्वसमुदायमा उदाहरणीय नै छ । यसले अन्तर्राष्ट्रिय मानव जातिमा पहिचान दिन सक्ने नेपाली जातिको सम्बोधन गरेको छ । नेपाली संस्कृति मौलिक संस्कृति हो, यसले नेपाली जातिको पृथक संस्कृतिको परिचय दिएको छ ।

अन्तर्जातीय वैवाहिक सम्बन्धलाई प्राथमिकता दिँदै मधेस मूलका रामखेलावन राउतसँग ज्यापुकी छोरी नानीथकुंको विवाह गरिन्छ । त्यो पनि रुढ सांस्कृतिक मान्यताको सीमालाई भत्काउँदै । प्रगतिवादी चिन्तन र व्यवहारलाई अङ्गीकार गर्दै । विवाह संस्कार र दाइजो प्रथाको प्रचलित मान्यताको उल्लङ्घन समेत गरिएको छ । उपन्यासमा यस प्रकृतिको विवाह संस्कारलाई जातीय, क्षेत्रीय एवम् साम्प्रदायिक भावनाको एकता यसरी प्रस्तुत गरिएको छ :

> करिब आठबजेतिर एकजना मानिसको साथ नानीथंकुलाई बिदाइ दिई पुऱ्याउन पठाइयो । उनलाई दाइजोको रूपमा समेत विशेष दिन सकेनन् । खालि यति दिई पढाएका थिए–एक जोर चर्खा, हँसिया, हथौडा, कुटो, कोदालो, कोदाली, डल्लेठो । बस यत्तिकै दाइजोका साथ जुवाँइलाई उपहार भनी एकजोर खर्पन, एउटा डोको, एउटा डालो, नेपाली कुटो, कोदाली, एउटा खुकुरी, एउटा भादगाउँले टोपी र एउटा नेपालको नक्सा पनि दिई पठाएका थिए (प्रधान, २०६८, पृ. २२३) ।

प्रस्तुत कथनमा अभिव्यक्त परम्परागत जातीय संस्कृतिका अतिरिक्त नवीन विवाह संस्कारको अवलम्बन गरिएको छ । अर्थात् साझा संस्कृतिको अवलम्बन गरिएको छ, साझा संस्कृतिको निर्माण गरेको छ । यसरी नेपाल र नेपालीको यथार्थ संस्कृतिले जातिगत ऐक्यबद्धता निर्माण गरेको छ । *एकचिहान* उपन्यासमा वर्णित विविध सांस्कृतिक अभिलक्षणलाई एकीकरण गरी साझा र समान संस्कृति निर्माण गरिएको छ । यसले सिङ्गो जातिको प्रतिनिधित्व गरेको प्रस्ट हुन्छ ।

### प्रधानका उपन्यासमा भूगोल र जलवायु

उपन्यासकार प्रधानका उपन्यासमा जातिलाई परिभाषित र प्रमाणीकरण गर्न भूगोल र जलवायुको भूमिका पनि सघन छ । भूगोल र जलवायुको प्रभाव जातीय पहिचानको आधार पनि हो । वास्तवमा भूगोल र जलवायुको अभिप्राय कुनै पनि जाति कस्तो जलवायु र भूगोलमा विचरण गर्दछ भन्ने कुरा भिन्न जलवायु र भूगोलको सापेक्षतामा निर्भर रहन्छ (तेन, सन् १८९५, पृ. ३६) । वास्तवमा यस अवस्थितिले जातिगत स्वरूप निर्धारण गर्दछ । समान नश्लीय सम्बन्ध रहे तापनि भौगोलिक सीमा फरकफरक भएमा वा भूगोलअनुसारको जलवायुगत परिवर्तनले जातिगत स्वरूप निर्धारण गर्दछ । साहित्यमा यही फरक जातिको निर्माणको स्वरूप खोज्नु जरुरी छ ।

उपन्यासकार प्रधानको *स्वास्नीमान्छे* उपन्यासमा काठमाडौँ वरिपरिको भूगोल वर्णित छ । राणाकालीन परिवेशमा खसआर्य सम्प्रदायको मुख्य चर्चा रहेको उपन्यासमा १२–१५ वर्षको अवधि रहेको छ । भूगोलगत एकरूपताले जलवायुमा पनि ऋतु परिवर्तन बाहेक खासै परिवर्तन भेटिदैन यसले एकल जातिगत स्वभाव मात्र रहेको प्रस्ट हुन्छ । भूगोल र जलवायुले कालान्तरमा जातिगत स्वरूप निर्धारण गर्ने भए तापनि यो उपन्यासमा त्यस्तो अवस्था छैन । यद्यपि भूगोलको अवस्था र जलवायुका आधारमा *स्वास्नीमान्छे* उपन्यासमा जाति विश्लेषण गर्ने आधारहरू छन् : आत्महत्याको साधन र अवसर नपाएर मोतीमाया हिड्दाहिड्दै सिम्भूवन पुगिसकेकी थिइन् । धोबीचौरबाट सिम्भू विशेष टाढा नभए तापनि मौका र साधनको अनुकूल नमिलिदिएको हुनाले मोतीमायालाई सिम्भूको डाँडासम्म पुग्नलाई तेब्बर सयम लाग्यो (प्रधान, २०६६, पृ. २०) । प्रस्तुत साक्ष्यले पनि वर्तमान स्वयम्भूक्षेत्रको जङ्गल तथा ठमेल क्षेत्रपाटी छेउको धोबीचौरको भूगोल किटान गरेको छ । पूर्ण रूपमा सहरीकरण भइनसकेको, यातायातको साधन अनुकूल नभएको तथा जङ्गलको ठूलो भूभाग रहेको प्राकृतिक पर्यावरणले स्वच्छ जलवायु रहेको स्पष्ट हुन्छ ।

प्रस्तुत उपन्यासमा स्वच्छ पर्यावरणीय स्थलका रूपमा काठमाडौँको भूगोल र जलवायुमा हुर्किएका पात्रहरूले निश्चित नेपाली प्रभुत्ववर्गीय जातिको विग्रँदो अवस्था चित्रण गरेको छ । ... पटुकाले एउटा रूखको हाँगामा बाँधेर एउटा राम्रो सूर्काउँनी तयार गरिन् । इटाहरूको हलुका चाङ बनाइ त्यसमा चढेर सुर्काउनीमा झुण्डिनलाई मोतीमायाले २÷४ वटा इटा जम्मा गरेर तङ्गी परिसकेकी थिइन (प्रधान, २०६६, पृ. २१) । काठमाडौँको भूगोल, जङ्गलको चर्चा, इटाहरूको प्रयोगजस्ता अभिलक्षणले सहरी परिवेशतर्फ अग्रसर ग्रामीण अवेशषको जलवायुको सङ्केत गर्दछ । समाजमा बहुविवाह र भोगी स्वभावले नीच मानवीय मूल्य रहेको जातिको उपस्थिति छ । यो कृत्रिमताले भरिएको मानव जातिको संस्कृति विकसित भएको छ । जाडो ऋतुमा होस् वा गर्मी मौसममा सिम्भूको एक चक्का नघुमीकन मोहनबहादुरलाई खाएजस्तै लाग्दैनथ्यो । सन्चो नभएर जीउले आफूलाई ठम्याउन सकुन्जेल मोहनबहादुर सिम्भूको शीतल हावा खाएर सन्तुष्ट भइरहन्थे (प्रधान, २०६६, पृ. ३७) । उपन्यासमा वर्णित कथनअनुसार सिङ्गो नेपालको भूगोल र जलवायुको विशेषता रहको काठमाडौँको चर्चा छ । खास गरी ऋतु परिवर्तन भइरहने गर्मी र चिसोको अनुभव गर्न पाइने जलवायुले भरिएको सुन्दर भूगोल भएकाले त्यहाँका मानिसहरू प्रकृतिप्रेमी छन् । मोहनबहादुर जसरी जलवायु र भूगोलमा विचरण गर्न रुचाउँछ त्यो सिङ्गो नेपाली जातिको प्रतिनिधि अभिलक्षण हो । मानवीय जीविकोपार्जनका लागि मानसिक स्वभावमा समेत व्यग्र जातिगत अस्तित्त्व रहेको प्रमाणित हुन्छ । मोहनबहादुर र प्रमोदका प्रवृत्ति निर्माण गर्ने यही जलवायु हो । यसर्थ उपन्यासमा जैविक आवश्यकता भन्दा विलासी घृणित प्रवृत्तिमा लिप्त मनोवृत्तिले भरिएको जातिगत स्वरूप निर्धारण गरिएको पाइन्छ ।

प्रस्तुत *स्वास्नीमान्छे* उपन्यासमा नेपालको भूगोल र जलवायुले निर्धारण गरेको जातिगत अस्तित्व रहेको कुरा यसरी व्यक्त गरिएको छ : तिमी नेपालको माटो हो, नेपालको शरीरमा खाल्टो पारेर अन्यत्र तिमी मन्दिर र मूर्ति बन्न जान पाउदिनौ । त्यसैले तिमीले नेपालकै सुन्दरताको साकार बन्नुपर्छ । तिमी नेपालको घन हो, तिमीमा धेरै हक छ (प्रधान, २०६६, पृ. ५२) । यसरी नेपाल र नेपाली पनले भरिएका जाति विशेषको चर्चा गरिएको छ । नेपालको भूगोलगत विविधता र जलवायुको उपज हामीमा निश्चित संरचना बनेको छ । जुन जलवायुले वा भूगोलले निर्माण गरेको विश्वमानव जाति भन्दा पृथक् अस्तित्वको ऋण चुक्ता गर्नु जरुरी रहेको छ । परिस्थितिसँग भागेर भन्दा पनि लडेर समेत पाइन्छ । जातिगत गौरवको चर्चा अस्तित्व राख्नुपर्ने विश्व मानचित्रको त्यो विशिष्ट भूगोलले निर्माण गरेको जातिगत अस्तित्वको अवमूल्यन गर्न नमिल्ने तथ्य व्यक्त छ । "आजरातिका गुन्डाहरूको खलबल सुनेर तर्सी होला । फुँडी चुलीले त्यति शन्तिपूर्वक काम लिन सकिन । त्यत्रो काण्ड मच्चाइरही । भइगो जान दे, त्यल्लाई को खोजीनिती गर्छ । कालो गए गोरो आउला ।" यति भनी विशेष अफसोस र वास्ता नगरीकन मिस्री वागमती गई (प्रधान, २०६६, पृ. १०३) । उपर्युक्त कथनअनुसार काठमाडौँमा अवस्थित वागमती नदीको चर्चा छ । वागमतीलाई अन्य सामान्य नदी भन्दा भिन्न रूपले हेर्ने धार्मिक प्रचलन पनि परम्पराबाटै चल्दै आएको हो । यो नदीलाई आस्थाको केन्द्र बनाएर सबै उमेर समूहका

मानिसहरू पुग्ने गर्दछन् । वर्ग, पेशा, व्यवसाय, शारीरिक अवस्था कुनै पनि क्षेत्रका मानिसहरू आआफ्नो अभीष्टका साथ जाने प्रचलन यो उपन्यासमा पनि कायमै छ । एउटा रन्डीखानाकी प्रमुख मिस्री पनि नियमित बागमती जाने गर्नुले यो कुराको पुष्टि हुन्छ । यही तथ्यलाई आधार बनाउँदा पनि यो स्पष्ट छ कि *स्वास्नीमान्छे* उपन्यासको भूगोल काठमाडौँ भित्रकै हो । काठमाडौँमा स्वच्छ चलवायु रहेको पाइन्छ । यही भूगोल र जलवायुमा जीवनयापन गर्ने सिङ्गो नेपाली जातिको चर्चा रहेको प्रस्ट हुन्छ ।

कुनै पनि जाति कस्तो जलवायु र भूगोलमा विचरण गर्दछ भन्ने कुरा भिन्न जलवायु र भूगोलको सापेक्षतामा हेर्न सकिन्छ । वास्तवमा यस अवस्थितिले जातिगत स्वरूप निर्धारण गर्दछ । समान नश्लीय सम्बन्ध रहे तापनि भौगोलिक सीमा फरकफरक भएमा वा भूगोलअनुसारको जलवायुगत परिवर्तनले जातिगत स्वरूप निर्धारण गर्दछ । साहित्यमा यही फरक जातिको निर्माणको स्वरूप खोज्नु जरुरी छ ।

प्रधानको *एकचिहान* उपन्यासमा वर्णित भूगोल मुख्यगरी काठमाडौँको नै रहेको छ । यद्यपि पात्रगत उपस्थितिले तराइ (सर्लाही जिल्ला) को वर्णन, त्यसै गरी खसपर्वते भनेर पहाड विशेषको र माइला तामाङलाई पहाड वा हिमालको प्रतिनिधित्व गराइएको छ । यसरी नेपालको सिङ्गो भूगोललाई समेटिएको पाइन्छ । हिमाल, पहाड र तराइको संयुक्त भौगोलिक स्वरूप नै नेपाल हो, भन्ने तथ्य व्यक्त छ । भूगोलअनुसारको जलवायु पनि स्वाभाविक रूपमा फरक रहन्छ नै । हुन त तत्क्षणिक जलवायु (ऋतु) अर्थात् आषाढ÷श्रावण अनुकूल रहेको छ । जाति निर्धारणमा यो छोटो समयको जलवायुगत र भूगोलगत प्रभावले त्यति ठूलो असर पार्दैन । नेपालको जलवायु र भूगोलको वर्णन उपन्यासमा रहेको छ । जलवायु र भूगोलमा विविधता भएको मुलुक पनि हो । यसर्थ हिमालमा एकखालको जलवायु, पहाडमा त्यो भन्दा भिन्न जलवायु र तराईमा अर्कै स्वरूपको जलवायु हुनाले कालान्तरमा फरक जातिको स्वरूप विकास भएको सहज देख्न सकिन्छ । यही जातिगत स्वरूपमा रहेको भिन्नतालाई देखाउन काठमाडौँको भूगोल र जलवायुलाई केन्द्र मानिएको छ । यही केन्द्रमा अन्य जलवायु र भूगोलका पात्रको उपस्थिति गराइएको हुनाले सहज रूपमा जाति पहिचान गर्न सकिन्छ । काठमाडौँको भौगोलिक अवस्थिति यसरी वर्णन गरको छ :

> असनबाट कुरियागाउँ निक्कै टाढा भएको हुनाले
>
> तुयू गुभाजू अष्टनारांको घर पुग्न निक्कै गाह्रो मान्थे (प्रधान, २०६८, पृ. ४) ।
>
> “पढेलेखेकी त छैन, पाटनका ज्यापूनीहरू अन्तका भन्दा अलि स्वभावतः बाठा हुन्छन् ।” सरल भावमा शिवनारांले भने (प्रधान, २०६८, पृ. १२३) ।
>
> लौ है त, दुवै जनालाई केही गर्न पाइन्न, रिसको झोकमा केही गरे बाबुआमा मारेको हत्या लागोस् । कालिकास्थानमा ब्लक नं. २१÷७५ को घरमा छ । “रञ्जनादेवी पूरा पत्ता बताएर भनिन् (प्रधान, २०६८, पृ. २१०) ।

प्रस्तुत साक्ष्यले काठमाडौँको भूगोललाई सङ्केत गरेको छ । यो भौगोलिक सीमाले काठमाडौँ बाहिरको भौगोलिक सीमामा रहेका जातिहरूमा भाषिक, सांस्कृतिक, जलवायुगत, खानपान आदिमा भिन्नता भेटिन्छ । लामो समयको अन्तरालमा फरक फरक जातिको अभिलक्षण जन्मने तथ्य उपन्यासमा रामखेलवन, महिला तामाङ आदिको उपस्थितिले स्पष्ट पार्दछ । रामखेलवनको जातिगत अभिलक्षण निर्माणमा भूगोल र जलवायुको प्रभावलाई उपन्यासमा यसरी व्यक्त गरिएको छः माया, दया, उदारता आदि हार्दिक निधि पनि उनमा छ । उनको घर सर्लाही जिल्लामा पर्छ, नाम रामखेलवन हो, अनि उनको थर हो कुर्मी, कुर्मी थरलाई ‘राउत’ भन्दछन् (प्रधान, २०६८, पृ. २१८) । यसरी भूगोलअनुसार फरक जलवायुले जातिको निर्माणमा भूमिका खेल्ने तथ्य उपन्यासमा भेटिन्छ ।

भूगोल र जलवायुले निर्माण गरेको जातिगत स्वरूपका आधारमा विभेद गर्न नहुने दृष्टिकोण समेत व्यक्त छ। नेपालको भूगोल र जलवायुलाई अनुकूलन गरी समग्र विकासमा लाग्नुपर्ने तथ्य पनि व्यक्त छ । उपन्यासमा यस सन्दर्भलाई यसरी व्यक्त गरिएको छ : "बेस भयो, नेवार–पर्वतेको सम्बन्ध अझ बलियो हुन आउँछ। हाम्रो देश बलियो हुने भावनाको जगको शिलान्यासमा एक इँटा फेरि थपिन लाग्यो। यस्तै नेवार, पर्वते र मधेसी तीन जाति र संस्कृति मिसिएर एक हुँदै गएपछि नेपाल अझ सुन्दर र विशाल हुँदै जान्छ (प्रधान, २०६८, पृ. १८५)। यसरी नेवार, पर्वते र मधेसी भनी विभाजित गर्ने प्रमुख आधार भूगोल र जलवायु नै हो। यिनीहरूका जीवनशैली भिन्नाभिन्नै छन्। यो भिन्न स्वरूपले एक र अर्को जाति निर्धारण गरिरहेको हुन्छ। यद्यपि समग्र देश विकासम वा आदर्श समाज निर्माणमा यी फरक–फरक जातिको अभिलक्षणमा एकीकरण आवश्यक रहेको सन्देश व्यक्त छ।

**उपन्यासकार प्रधानका उपन्यासमा खानपान र शारीरिक संरचना**

उपन्यासकार प्रधानका उपन्यासमा खानपान र शारीरिक संरचनाका माध्यमबाट जातिको समाजशास्त्र प्रस्तुत भएको छ। नश्लीय अभिलक्षणका साथै जाति पहिचान गर्ने अर्को महत्त्वपूर्ण आधार खानपान र शारीरिक संरचना हो। खानपानले जैविक अभिलक्षण नै प्रभावित नपारे तापनि कालान्तरमा शारीरिक संरचनामा फरकपन ल्याउने प्रायः निश्चित छ (तेन, सन् १८९५, पृ. ६७)। समान भूगोल, जलवायु, संस्कृति तथा आनुवंशिकता रहे तापनि पौष्टिकताले जैविक बनावट अर्थात् भौतिक स्वरूप परिवर्तन गरिदिन्छ । उपन्यासकार प्रधानको *स्वास्नीमान्छे* उपन्यासमा पात्रयोजनाअनुसार निर्धारित भूमिकामा जाति पहिचान गर्न कठिन नै छ । सहज आनुवंशिक स्वरूप वा नश्लीय अभिलक्षणमा एकीकृत हुनेमात्र पात्र छैनन्। यसर्थ खानपान र शारीरिक संरचनाका आधारमा समेत जाति पहिचान गर्नु जरुरी छ। उपन्यासको सङ्कथनात्मक संरचनामा केवल महिला र पुरुष गरी दुई जातको चरित्र उद्घाटन गर्ने प्रगतिवादी चिन्तन प्रवाहित भएको छ। पारिवारिक एवम् व्यावसायिक अवस्थामा प्रयोग भएका खानपानको संस्कारलाई यसरी व्यक्त गरिएको छ : मोतीमाया बिउँझेर सुस्केराउँदै टोलाइरहिन्। विनोद कराइरहेको थियो, " आमा, भात खान जाऊँ भोक लागो भन्या आमा!" 'भान्छा तयार भो' भनी सधै चम्पा बोलाउन आउँथी । ११ बजे भान्छे बाहुनी, नोकर्नी लगाएतले भात खाइसक्थे (प्रधान, २०६६, पृ. १५) । प्रस्तुत अंशमा दैनिक जीवीकोपार्जन गर्न भात वा भान्छा खानपानको रूपमा प्रयोग गरिएको पाइन्छ। भातलाई प्रयोग गर्ने नेपाली मानव जाति हो, भन्न सकिन्छ। खास गरी हाम्रो सामाजिक प्रचलन विगतदेखि वर्तमानसम्मलाई नियाल्दा विहान र बेलुका भात÷भान्छाको रूपमा दाल, भात, तरकारीको उपभोग गर्छौं। यही विशेषताको समानता उपन्यासमा रहेको हुनाले नेपाली संस्कार एवम् संस्कृति बोकेको जाति हो।

> मोतीमाया आँखाभरी आँसु गरी त्यसै उभिरहिन् । हीराज्यानले फेरि भनिन् "तपाईं भनेको मान्नुहुन्न, ठोकिदिनुस् न भने नालेस आजै अनि बाबुको बिहे देख्लान तिनीहरूले ! मनै नपर्ने पापीहरू ! लातका मानिस बातले बुझ्दैनन् बुझ्नुभयो बहिनीः ठोकिदिनुस् नालेस! अंश लिएर तपाईं आमाछोराले डकारी–डकारी दूध, भात, मासु खान पाउनुहुनेछ (प्रधान, २०६६, पृ. २८)।

प्रस्तुत साक्ष्यअनुसार आर्थिक अवस्था राम्रै भएर पनि पारिवारिक सम्बन्ध विग्रँदा दुई छाक खान गाह्रो भई अर्काको शरणमा पुग्नु पर्ने अवस्था रहेको छ। विलासिताका लागि भन्दा पनि सामान्य जीवन धान्न दूध, भात र मासुलाई महत्त्व दिइएको छ । प्रमोदको पारिवारिक आर्थिक अवस्था दुई जोईको पोइ तथा खेताला गोठालाले भरिएकै छ । प्रमोदको यौनपिपाशु प्रवृत्तिले मोतीमायामा सौता हालिँदा परिस्थितिले यो अवस्ता भोग्नु परेको तथ्य व्यक्त छ। यसरी दूध, भात र मासुलाई खानपानको रूपमा प्राथमिकता दिने नेपाली वा हिन्दू जाति नै रहेको प्रस्ट हुन्छ। चम्पाले तमाखु भनेर ल्याइदिएकीले प्रमोदको रिस केही निभ्यो। २÷४ सर्को तमाखु तानिसकेपछि केही साभ्य भावमा प्रमोदले फेरि भने, "विनोदलाई आजदेखि यहीँ सुताएस्, आजदेखि उसकी आमालाई यसको गन्ध पनि सुँघ्न दिन्नँ म (प्रधान, २०६६,

पृ. ४८)। खास गरी राजामहाराजा र काजी साहेबहरूमा जति यौनिक राग हुन्थ्यो, त्यसको साथमा सोमरस र तमाखु खाने विलासी प्रचलन कायमै थियो। प्रमोद पनि तरुनी अवस्थाका स्वास्नीमानिससँग झुम्ने, खेलबाड र तमाखुमा रमाउने पुरुष जातिको प्रतिनिधित्व गरेको देखिन्छ।

खानपानले जसरी निश्चित जाति पहिचान गर्न सकिन्छ, त्यसै गरी शारीरिक संरचनाले पनि जाति पहिचानको आधार तयार गर्दछ। शारीरिक संरचना नश्लीय सम्बन्ध अर्थात् जैविक तत्त्वका आधारमा प्रभावित हुन्छ। त्यसै गरी जैविक तत्त्व समान भएमा पनि बाल्यकालदेखि नै खानपानमा हुने फरकपनले पनि शारीरिक संरचना निर्धारण गर्दछ। *स्वास्नीमान्छे* उपन्यासमा प्रमोदको परिवारसम्बद्ध शारीरिक संरचना तथा कोठीसँग जोडिएको घटनाक्रममा आधारित पात्रगत शारीरिक संरचना निरूपण गर्न सकिन्छ। उपन्यासको कथानक आदि, मध्य र अन्त्य करिब १२÷१५ वर्षको भएको र पात्रगत शारीरिक संरचना सुस्पष्ट चर्चा गरिएको छैन। यद्यपि उपन्यासमा शारीरिक अवस्थाको चर्चा गरिएका आधारहरू यसरी व्यक्त गरिएको छ : मोतीमाया एउटा छोराकी आमा भइसके तापनि सौन्दर्यको बलियो टेवा पाएकी हुनाले यौवन वसन्तमय नै थियो, मानौँ सोह्रवर्षीय कुमारीको भिटामिनदार यौवन जस्तै उनको तारुण्य फुलिरहेको थियो। त्यसैले प्राय : अञ्जान मानिसहरूका हृदयमा पनि लोभले लुकेर घर गर्न खोज्थ्यो (प्रधान, २०६६, पृ. ३७)। प्रस्तुत कथनमा मोतीमायाको उमेरअनुसार तथा आमा भइसके तापनि सोह्र वर्षको तरुणी जस्ती सुन्दर रहेको चर्चा छ। यो शारीरिक अवस्थाले जाति पहिचान गर्ने निश्चित आधार प्रदान नगरे तापनि विवाहित, मातृत्व वरण गरेकी भएर पनि सौन्दर्यले परिपूर्णरहेकी स्त्री जातिको प्रतिनिधित्व गरेकी पाइन्छ। उपन्यासमा गौण भूमिकामा देखिएका न्यायाधिसको शारीरिक संरचनाको वर्णन यसरी गरिएको छ :

> प्रशस्त सशस्त्र पहराको घेरा हालेर मैयाँनानीलाई न्यायालयमा ल्याए। अग्ला, मोटा शरीर, ठूलो टाउको, ठूलाठूला आँखा, उन्नत ललाट, विस्तृत छाती, काला वर्ण भएका शारीरिक आकारप्रकार हेर्दा महाकालजस्ता महाभयङ्कर न्यायाधीश आफ्नो जङ्गी पोशाकमा सुसज्जित भई उच्च आसनमा विराजमान भइरहेका थिए (प्रधान, २०६६, पृ. १४)।

प्रस्तुत कथनका आधारमा *स्वास्नीमान्छे* उपन्यासको जाति प्रतिनिधित्व विश्लेषण गर्दा खास गरी क्षेत्रीय सम्प्रदाय नै रहेको प्रस्ट छ। खानपान र शारीरिक बनावटको परिकल्पना न ब्राह्मण जाति न त मङ्गोल जाति कोही पनि छैनन्। हुनत न्यायाधीशको पेशागत मर्यादाको कदलाई वर्णन गर्न पनि सो शारीरिक संरचना कल्पना गरिएको हुन सक्दछ तर शारीरिक बनावट, टाउको, आँखा, ललाट, छाती र वर्ण प्राय : राणाकालीन काजी साहेबहरूको नै परिकल्पना हुनाले पनि सिङ्गो नेपाली भित्रको खस जाति हो भन्न सकिन्छ।

उपन्यासकार प्रधानको *एकचिहान* उपन्यासमा पात्रयोजनाअनुसार निर्धारित भूमिकाअनुसार जाति पहिचान गर्न सहज छ। सहज आनुवंशिक स्वरूपकै आधारमा समान र भिन्न जात निर्धारण गरिएको छ। नश्लीय सम्बन्ध पहिचान गर्न नसक्ने पात्रयोजना र विषयवस्तुमा जाति पहिचानका लागि खानपान र शारीरिक संरचना समेत नियाल्नु पर्दछ। यस उपन्यासमा प्रस्ट रूपमा भिन्नभिन्न जात र संस्कृतिलाई सङ्कथनात्मक संरचनामा आबद्ध गरिएको छ। यही भिन्न संरचनाबाट भावनात्मक एवम् जैविक एकताको प्रगतिशील प्रयत्न गरिएको छ। यद्यपि उपन्यासमा खानपानको संस्कारलाई यसरी व्यक्त गरिएको छ :

> आज लतमाया र नानीथकुं भात खाइरहँदा रहँदै काममा गइरहेका घरका सबै जहान एकै समयमा जसो धमाधम घरमा आइपुगे। आज उस्तो गहिरो साँझ पनि परेको थिएन र आजझैँ अलि सबेर र सँगै जस्तो सबै आइपुगेका सायदै पहिल्यै होला। सबै आइपुगेका देखेर लतमाया र नानीथकुंले चाँडै भात खाई सिध्याई घरका सबै जहानलाई भात पस्कन थाले। ठूला र सानाको हिसाबले दाल, भात, तरकारी र जे भान्छामा पाकेको हुन्छ, सबलाई बराबर भाग लगाई एकैचोटि साथै खाने खुवाउने उनीहरूको घरमा चलन थियो (प्रधान, २०६८, पृ. ५६)।

प्रस्तुत कथनमा व्यक्त खानपिनको संस्कारले समग्र नेपालीहरूको प्रतिनिधित्व गरेको छ । नेपालका औषत् मानिसहरूले जीविकोपार्जनका निमित्त दाल, भात, तरकारी आदि परिकार खान्छन् । यसले नेपालभित्र रहेका मानिसको जातीय वर्गीकरण गर्न त सकिदैन । तथापि विश्वसमुदायमा निश्चित जातिगत संरचना भने निर्माण गर्छ । उपन्यासमा अष्टनारांको परिवारलाई विषयवस्तुको मूल आधार बनाइएको छ । अन्य विषय वा पात्र गौण भूमिका निर्वाह गर्न मात्र सीमित छन् । निम्नवर्गीय कृषक परिवार बाँच्नका लागि सामान्य खानपिन गर्दछ । यतिहुँदाहुँदै आफ्नो जातगत संस्कारका खानपिनलाई विशेष परिस्थितिमा प्रयोग गर्ने तथ्य यसरी व्यक्त गरिएको छ : रोपाइँको दिन अष्टनारां दुई चार रुपियाँको मुख नहेरीकन दुई–चार खेताला बढी राखेर पनि रोपाइँ चलाउँथे । खेतालाहरूलाई प्रशस्त जाँडरक्सी र खाजाखाना ख्वाएर पनि प्रसन्न गराउँथे (प्रधान, २०६८, पृ. १४७) । प्रस्तुत साक्ष्मा स्पष्ट जाति पहिचान गर्ने खानपिनका परिकारहरू छैनन् । जे जति छन् । तिनीहरूले पनि जाति पहिचानमा सहयोग पुग्ने देखिन्छ । मद्यपान गर्ने, समूहमा रमाउने जातिको उपस्थिति रहे तापनि खानपिनमा विभेद गरी फरक जाति पहिचान गर्ने अवस्था छैन । जातिसँग सापेक्ष खानपिन नभई सिङ्गो मानव जातिले स्वीकार गर्ने खानपिन प्रयोग गरिएको छ ।

प्रस्तुत *एकचिहान* उपन्यासमा प्रत्यक्ष शारीरिक संरचनाको चर्चा पनि पाइँदैन । रुढिवादी विश्वासका आधारमा तामाङ, नेवार, खस–पर्वते र मधेसी जातिका शारीरिक वनावट फरक हुन्छन् । यसलाई नश्लीय सम्बन्धले मुख्य रूपमा प्रभाव पर्दछ भने आंशिकरूपमा खानपानले पनि पार्दछ । यसरी शारीरिक संरचनाका आधारमा पनि जाति पहिचान गर्न सकिन्छ जुन कुरा यस साक्ष्यले प्रमाणित गर्दछः नयाँ दुलहीमाथि पुगेपछि सासूदेखि लिएर घरका एक–एक जनासित चिनारी गराउने काम सुरु भयो । आफ्नी सासू लतमायाको अनुहारमा अझै बाँकी रहेको पर्वतेपन देखेर पुतलीलाई बढ्ता ढुक्क भयो (प्रधान, २०६८, पृ. १९१–९२) । उपन्यासमा पुतली माइला तामाङकी छोरी हो । ऊ पुतली सडकमा डेरा गरिबस्ने उपत्यका बाहिरकी मान्छे हो । यसको विवाह काठमाडौँको स्थानीय ज्यापू सम्प्रदायको पुननारां बीच अन्तजातीय रूपमा भएको हो । यस कुराले सशङ्कित पुतली आफ्नी सासूलाई देख्दा एउटै भूगोल र परिवेशको भएको आकलन गरी ढुक्क हुन्छे । हुनपनि लतमाया अष्टनारांकी श्रीमती भए तापनि पर्वते जातकी खसक्षेत्रीको छोरी हुन् । यसरी शारीरिक अवस्थाले पनि जाति पहिचान गर्न सकिन्छ । समान शारीरिक संरचना भएमा एउटै जाति हुने तथ्य व्यक्त गरिएको छ ।

**निष्कर्ष**

प्रस्तुत अध्ययन हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा जाति निरूपणमा केन्द्रित छ । समाजशास्त्रीय अध्ययन परम्परामा तेनको मान्यतालाई निकै महत्त्व दिइएको पाइन्छ । उनी समाज र साहित्यको सम्बन्धबारे खोजी गरी साहित्यलाई समाजबारे थाहा पाउने मूल स्रोत मान्दछन् । प्रधानका उपन्यासमा जाति पहिचानका दृष्टिले गरिएको अध्ययनबाट *स्वास्नीमान्छे* र *एकचिहान* दुवै उपन्यासमा काठमाडौँ उपत्यकाभित्रकै परिवेश सान्दर्भिक कथानक संयोजन गरिएको छ । उपन्यासमा वर्गीय विषमताले निर्धारण गरेको जातीय संरचना व्यक्त छ । जातीय विविधताले युक्त सहभागीहरूको उपस्थिति भेटिन्छ । *स्वास्नीमान्छे* उपन्यासमा रन्डी बन्नुपर्ने बाध्यात्मक अवस्थाको चित्रण पाइन्छ । तत्कालीन समयमा देश र नारी जातिको रक्षा गर्न उत्पीडित वर्ग र सचेत युवाहरू प्रतिकारमा उत्रनुपर्ने भाव व्यक्त छ । नश्लीय सम्बन्धमा जातिगत उपस्थितिको परम्परा भने स्पष्ट छैन । सहभागीहरूको नामाङ्कन र कार्यशैलीले खसआर्य जाति रहेको प्रस्ट हुन्छ । उपन्यासमा गुन्डा र रन्डी जस्ता शब्दले सम्बोधन गरिएको जातिगत अभिलक्षण नभए तापनि जैविक विभेदयुक्त पुरुष र स्त्री जाति हुन् । त्यसै गरी *एकचिहान*मा सहभागीसन्दर्भ विश्लेषण गर्दा वा आनुवंशिकता निरूपण गर्दा नेवार, पर्वते, मङ्गोल, र मधेसी समुदायको उपस्थिति छ । परम्परित रुढ मान्यतालाई तोड्दै प्रगतिवादी परिवर्तनको अपेक्षासहित नश्लीय अन्तर्मिश्रमण गरी सामाजिक न्याय खोजिगरिएको छ । फरक जाति र सम्प्रदायका मौलिक संस्कृतिलाई जगेर्ना गरी सांस्कृतिक सम्बन्ध स्थापित गर्नुपर्ने अपेक्षा रहेको छ । समग्रमा प्रधानका उपन्यासमा जीवनयापनका कार्यशैली र सांस्कृतिक सम्बन्धले विश्वसमुदायमा नेपाली जाति भनेर पहिचान स्थापित गराएको छ । भूगोल, जलवायु, खानपान आदिले निर्माण गरेको सांस्कृतिक एवम् जातीय भिन्नता आत्मसात गर्दै देशविकास र आदर्श समाज निर्माणका लागि जातीय अभिलक्षणको संयोजन आवश्यक रहेको सार व्यक्त छ ।

प्रधानको *स्वास्नीमान्छे* उपन्यासमा जाति पहिचान गर्दा बहुपात्रको उपस्थिति भए तापनि आनुवंशिक अभिलक्षणका आधारमा महिला र पुरुष गरी दुई जातमात्र निर्धारण गर्नसकिन्छ । सहभागीहरूको नामाङ्कन र सांस्कृतिक कार्यशैलीले खसआर्य सम्प्रदायको सङ्केत गर्छ । गौण भूमिकामा रहेका हीराज्यान र भाइचाले नेवार जातिको प्रतिनिधित्व गरेका छन् । सांस्कृतिक सम्बन्धका आधारमा आफूलाई वेश्या बन्न बाध्य पार्ने लोग्नेलाई समेत परमेश्वर सम्झने र सती बन्ने धार्मिक मनोवृत्ति भएका जातिको उपस्थिति छ । यसै गरी *एकचिहान* उपन्यासमा सहज आनुवंशिक गुण अर्थात् नश्लीय सम्बन्धका आधारमा खसपर्वते, नेवार र मधेसी फरकफरक जातिको उपस्थिति रहेको पाइन्छ । फरक जातिबीच नश्लीय एवम् सामाजिक सांस्कृतिक सम्बन्धमा अन्तर्मिश्रण गरी विकसित समाज निर्माणको परिकल्पना गरिएको छ । उपन्यासमा वर्णित भूगोल र जलवायु मुख्य गरी काठमाडौँको नै छ । यद्यपि सहभागीहरूको व्यवस्थापनले तराइको वर्णन, खसपर्वते भनेर पहाडको र माइला तामाङलाई पहाड वा हिमालको प्रतिनिधित्व गराई जातीय भिन्नता पहिचान गर्ने आधार तय गरिएको छ । मद्यपान गर्ने, समूहमा रमाउने जातिको उपस्थिति रहे तापनि खानपिनमा विभेद गरी फरक जाति पहिचान गर्ने अवस्था छैन । यसर्थ जातिसापेक्ष खानपिन नभई समग्र मानव जातिले स्वीकार्न सक्ने खानपिन प्रयोग गरिएको छ । जातिअनुसार परम्परित मौलिक संस्कृतिहरूलाई जगेर्ना गरी सांस्कृतिक सम्बन्ध स्थापित गर्नुपर्ने सार व्यक्त छ । भूगोल, जलवायु, खानपान आदिले निर्माण गरेको जातीय भिन्नता आत्मसात गर्दै देश विकासका लागि जातीय अभिलक्षणमा एकीकरण गर्नुपर्ने सन्देश पाइन्छ ।

## सन्दर्भ सामग्रीसूची


उपाध्याय, केशवप्रसाद (२०४९). साहित्य–प्रकाश (पाँचौँ संस्क.). साझा प्रकाशन ।

छेत्री, उदय (२०६४). समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय ।

जैन, निर्मला (सन् १९८६). *साहित्य का समाजशास्त्रीय चिंतन*, हिंदी माध्यम कार्यान्वयन निदेशालय ।

जोशी, रत्नध्वज (२०५०). *साहित्य समीक्षा*, (तेस्रो. संस्क.), साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५८). पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (भाग २, तेस्रो संस्क.). साझा प्रकाशन ।

पाण्डेय, मेनेजर (सन् १९७४). साहित्य के समाजशास्त्र की भूमिका. हरियाणा साहित्य अकादमी ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२). नेपाली उपन्यास र उपन्यासकार (तेस्रो संस्क.). साझा प्रकाशन ।

प्रधान, हृदयचन्द्रसिंह (२०६६). *स्वास्नीमान्छे* (नवौँ संस्क.). साझा प्रकाशन ।

प्रधान, हृदयचन्द्रसिंह (२०६८). *एकचिहान* (एघारौँ संस्क.). साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम नेत्र (२०५८). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (तेस्र ो संस्क.) साझा प्रकाशन ।राई, इन्द्रबहादुर (२०६७). *नेपाली उपन्यासका आधारहरू* (चौथो संस्क.). नेपाल प्रज्ञाप्रतिष्ठान ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९). *नेपाली उपन्यासको इतिहास*. नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, जनकलाल (२०५८). *हाम्रो समाज एक अध्ययन* (चौथो संस्क.). साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६१). *नेपाली समाल ोचना परम्परा र प्रवृत्ति*. मार्डन दीपक प्रेस।

Adams, Hazard, ed. (1992). *Critical Theory Since Plato*, Revised ed., Harcourt Brace Jovanovich College Publishers.

Lohani, S. P. & Rameswar Prasad Adhikari (2010). *Concise English-Nepali Dictionary.* Ekata books.

Taine, H. A. (1895). *History 0f English Liturature. (Trans.) N. Van Laun.* William L. Allison Company.